मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो 'त्रिशक्ति'को कमाल
त्रिशक्ति ट्र्याक्टर

वर्ष २ | अंक १७४ | २०८१ साल जेठ ०१ गते मंगलबार | Tuesday 14, May 2024 | सूर्योदयः बिहान ५:१८ बजे | सूर्यास्तः साँझ ६:४५ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## 'क्लास'मा मेयर साब



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले 'कक्षा कोठामा मेयर' कार्यक्रम शुभारम्भ गरेको छ । महानगरपालिका–४ विर्तास्थित त्रिजुद्ध माध्यमिक विद्यालयबाट कार्यक्रम शुभारम्भ भएको हो ।
कार्यक्रममा वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले कक्षाकोठामै पुगेर विद्यार्थीलाई उत्प्रेरणा बढाउन 'मोटिभेसनल कक्षा' लिँदै अध्ययनलाई मुख्य केन्द्रमा राखेर अघि बढ्नु पर्नेमा जोड दिए । आफ्ना अग्रजको योगदानको सम्मान गर्दै शिक्षा प्रदान गर्ने गुरुको सम्मानमा कमी नल्याउन पनि उनको अपिल थियो ।
यसै शैक्षिक सत्रबाट विद्यालयमा डिजिटल कक्षासमेत सञ्चालन गरेको महानगरले त्यसको उपयोगिता र प्रभावकारिताका विषयमा समेत मेयर सिंहले अवलोकन गरे । विद्यार्थीलाई उत्प्रेरणा बढाउन उनले हप्ताको एक दिन विभिन्न विद्यालय पुगेर 'कक्षा कोठामा मेयर' कार्यक्रममार्फत एउटा कक्षा लिने योजना बनाएका छन् । मेयर सिंहले कक्षा १० का विद्यार्थीको कक्षामै पुगेर उनीहरुलाई उत्प्रेरणा दिँदा विद्यार्थीलाई अध्ययनका लागि झनै हौसला मिलेको त्रिजुद्धका प्रधानाध्यापक नवीन मिश्रले बताए । कक्षामा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मातृका भट्टराई, शिक्षा महाशाखा प्रमुख अरविन्दलाल कर्णले समेत विद्यार्थीको हौसला बढाउन कक्षा लिएका थिए ।
मेयर सिंहले विद्यालयको अनुगमन गर्दै उपलब्ध साधनस्रोतको स्थिति तथा प्रयोगको अवस्थाबारे समेत जानकारी लिएका थिए । यस्तै, कक्षा पाँचका विद्यार्थीलाई मेयर सिंहले पुस्तकसमेत हस्तान्तरण गरे । महानगर पालिकाले यसै शैक्षिक सत्रबाट विभिन्न ३० विद्यालयमा नेपाली भाषा सिकाईका लागि डिजिटल कक्षा सञ्चालन गरेको छ ।

## एभरेष्ट र ज्योति विकास बैंक घेराउ




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
अभियन्ता दुर्गा प्रसाईका समर्थकले जनकपुरधामको एभरेष्ट र ज्योति विकास बैंक घेराउ गरेका छन् । उनीहरुले मिल्स एरियास्थित एभरेष्ट र पिडारी चोकस्थित ज्योति विकास बैंक घेराउ गरेका हुन् । बैंकहरुबाट ऋण लिएका ऋणीले अनावश्यक दुःख दिएको भन्दै कतिपयले बैंकको आतंकका कारण आत्महत्यासम्म गर्न बाध्य भएकाले आफूहरुले घेराउ गरेको अभियन्ताले बताए । एभरेष्ट बैंकमा तालाबन्दी भएको छ भने ज्योति विकास बैंकमा तालाबन्दी गर्न खोज्दा प्रहरीले रोकेको छ । ज्योति विकास बैंकमा तालाबन्दी गर्न खोज्दा आन्दोलनकारी तथा प्रहरीबीच केहीबेर घम्साघम्सी भएको थियो । अभियानका जनकपुरधाम संयोजक सुरेन्द्रमणि शर्माको अगुवाईमा बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएर चर्को ब्याजको पीडा खेपिरहेका पीडितले जनकपुरधामस्थित ज्योति विकास बैंक र एभरेष्ट बैंकको कार्यालय पुगेर ऋणी मृतकको तस्बिर टाँस्नुका साथै बिरोध प्रदर्शन गरेका हुन् ।
अभियानका संयोजक शर्माले बैंक तथा वित्तीय संस्थाले चर्को ब्याजको नाममा ऋणी मारिरहेकाले आफूहरुलाई बैंक तथा वित्तीय संस्थाको अन्यायविरुद्ध उत्रिनु परेको बताए । उनले ऋण लिएकालाई घरै पुगेर बैंकका कर्मचारीले अनावश्यक दुःख दिने गरेको र उनीहरुले चर्को ब्याज दिँदै आएकामा आपत्तिसमेत जनाएका छन् ।

नेपाल बीमा प्राधिकरणको ५६औँ वार्षिकोत्सवको अवसरमा सम्पूर्ण बीमित, बीमक, कर्मचारी, अभिकर्ता लगायत अन्य सरोकारवालाहरुमा बधाई तथा शुभकामना

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

बीमा गर्दा ध्यान दिनुपर्ने विषयहरु :-
- नेपालमै आफ्नो जीवन, सम्पत्ती, बालीनाली तथा पशुपन्छी समेतको बीमा गरी ढुक्क बनौं ।
- आफ्नो आवश्यकता, पेशा, व्यवसाय एवं आम्दानीको श्रोत समेतलाई मध्यनजर गरी बीमा गरौँ ।
- बीमा गराउँदा प्रस्ताव फाराममा खुलाउनुपर्ने सम्पूर्ण विवरणहरु स्पष्टसँग खुलाई बीमा गरौं ।
- बीमा शुल्क समयमै भुक्तानी गरी सोको रसिद अनिवार्य लिने बानि बसालौं ।
- बीमालेख नविकरण गर्ने समय ख्याल गरी समयमा नै बीमालेख नविकरण गरी सुरक्षित बनौं ।
- आफुले गरेको बीमाको बारेमा परिवारका सदस्यहरु तथा इच्छाइएको व्यक्तिलाई जानकारी गराई सो सम्बन्धी सम्पूर्ण कागजातहरु सुरक्षित राखौं ।
- बीमा सम्बन्धी नीति नियमहरु, शर्त सुविधाहरुको विषयमा बीमालेख खरिद गर्नु अघि नै जानकारी राखौं ।
- नेपाल बीमा प्राधिकरणबाट इजाजतपत्र प्राप्त बीमा कम्पनीहरुमा मात्र बीमा गरौं ।

बीमा सम्बन्धी थप जानकारीको लागि

नेपाल बीमा प्राधिकरण
मधेश प्रदेश कार्यालय
आदर्शनगर-१०, विरगंज, पर्सा, नेपाल ।
फोन नं. ०५१-५९१०६२ / ९८५५०१२४४१
इमेल : infomp@nia.gov.np
वेवसाइट : www.nia.gov.np

नेपाल बीमा प्राधिकरण
केन्द्रिय कार्यालय
कुपण्डोल-१०, ललितपुर, नेपाल ।
०१-५४२१०७९ / ५४३८७४३
info@nia.gov.np
www.nia.gov.np

Facebook/Youtube/Linkedin : Nepal Insurance Authority

नोटः बीमकले बीमालेख उल्लिखित अवधिभित्र बीमितलाई बीमा दाबी भुक्तानी नगरेमा, दायित्व निर्धारण नगरेमा वा बीमितलाई मर्का पर्ने गरी दायित्व निर्धारण गरेमा सम्बन्धित बीमितले प्राधिकरणसमक्ष उजुरी गर्न सक्नेछ ।

# 'मुख्यमन्त्रीको सुविधा'ले सरकार निर्माणमा विलम्ब

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकार ढालेका नेकपा एमाले र नेकपा माओवादी केन्द्र समस्यामा परेका छन् । केन्द्र सरकारबाट सोमबार जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले राजीनामा दिए पनि मधेशमा सरकार बनाइहाल्ने एमाले–माओवादी सपना तत्काल रोकिएको छ । मुख्यमन्त्री सरोजकुमार यादवले विश्वासको मत लिने भनेपछि उनले पाउने एक महिने म्यादको सुविधाले एमाले–माओवादीको सरकार निर्माणमा बिलम्ब हुन लागेको हो ।
आइतबार नेकपा एमाले र नेकपा माओवादी केन्द्रले प्रदेश सरकारबाट आफ्ना मन्त्रीहरु फर्काउँदै समर्थन फिर्ता मात्र लिएको थिएन । सोमबार नै सरकारको दाबी गर्ने तयारीसहित एमाले नेताका घरमा छलफल पनि भएको थियो । जसपा नेपालका मुख्यमन्त्री सरोजकुमार यादवसँग नेकपा एसका मन्त्रीहरु मात्र रहेको सरकार छ । अल्पमतमा परेको सरकार बर्खास्त नै गर्ने गरी आइतबार एमाले–माओवादीले जनमत र जसपाको मतले नै सरकार चलाउन पुग्ने गणित प्रस्तुत गर्दै उपेन्द्र यादवको जसपालाई जस्तै नेकपा एसलाई बेवास्ता गरेको थियो । तर सोमबारसम्मको विकसित घटनाक्रममा मधेशका दलहरुलाई मिलाउन एमाले–माओवादीलाई निकै हम्मे परेको छ । अर्कातिर मुख्यमन्त्री सरोजकुमार यादवलाई विश्वासको मतको सामना गर्न ३० दिन म्याद भएकाले एमाले र माओवादीले बजेट बनाउने बेला सरकार ढाले पनि नयाँ बजेट बनाउने अवस्थामा भने आफ्नो उपस्थिति बलियो बनाउन सकेका छैनन् ।
आइतबार नै प्रधानमन्त्री




पुष्पकमल दाहाल भेटेर जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले जेठ १३ गतेसम्म मधेश सरकार नचलाउन आग्रह गरेका थिए । उनले नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीसँग पनि यही अनुरोध गरेका थिए । तर यादव बाहिर भएका बेला हतारमा पार्टी विभाजन गरेको अशोक राई नेतृत्वको जसपाले उपेन्द्र यादवको पार्टीलाई सरकारबाट निकाल्न चेतावनी दिँदै ननिकाले सरकारलाई दिइएको समर्थन फिर्ता लिने चेतावनी दिएपछि प्रधानमन्त्री र एमाले अध्यक्ष उपेन्द्र यादवलाई सरकारबाट निकाल्ने मनस्थितिमा पुगेका हुन् । आइतबार नै सरकार छाड्ने निर्णयमा पुगेको जसपा नेपालका अध्यक्ष यादवले सोमबार सरकारलाई दिइएको समर्थन फिर्ता लिँदै राजीनामा दिए ।
यादवले राजनीमा मात्र दिएनन् । पहिलो

बाँकी पृष्ठ २ मा

## यादवका ठाउँमा यादव नै मन्त्री !

**मधेशदृष्टि**
**वीरगंज ।**
उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल सरकारबाट फिर्ता भएपछि पार्टीमा विद्रोह गरेका पर्साका युवा नेता प्रदीप यादवले मौका पाएका छन् । उनले सोमबार साँझ स्वास्थ्य तथा जनसंख्यामन्त्रीमा पद तथा गोपनीयताको सपथ लिएका छन् । राष्ट्रपति कार्यालय शीतल निवासमा सोमबार जसपाबाट सरकारमा सहभागी भएका एक मन्त्री र एक राज्यमन्त्रीले शपथ लिएका हुन् । जसपाबाट मन्त्री बनेका प्रदीप यादवलाई राष्ट्रपति रामचन्द्र पौडेल र राज्यमन्त्री बनेकी हसिना खानलाई प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले शपथ गराएका हुन् । यादवले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जिम्मेवारी पाएका छन् भने खानले स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्रीको जिम्मेवारी पाएकी



छिन् । सोमबार मन्त्री पदको शपथ लिएपछि स्वास्थ्य मन्त्रालयमा पदबहाली गर्दै नवनियुक्त मन्त्री यादवले नारायणीसहित ठूला सरकारी अस्पतालमा जनशक्ति थप गर्ने पहिलो निर्णय गरेका हुन् । यसअघि जनता समाजवादी पार्टी नेपालबाट उपप्रधानसहित स्वास्थ्य तथा जनसंख्यामन्त्री भएका उपेन्द्र यादवले राजीनामा दिँदै सरकारलाई दिएको समर्थन फिर्ता लिएका थिए । जसपा नेपालबाट विभाजन भएको अशोक राई नेतृत्वको जनता समाजवादी पार्टीबाट यादव मन्त्री नियुक्त भएका हुन् । उक्त दलबाट वनमन्त्रीमा नवल किशोर साह सुडी रहेका छन् । पर्साका युवा नेता एवम् सांसद पहिला पनि मन्त्री भइसकेका छन् भने उनी जसपा नेपालमा पनि प्रमुख सचेतक थिए । उनले मधेश प्रदेशमा उपेन्द्र यादवले पार्टीभित्र चलाइरहेको मनोपोलीको खुलेर प्रतिवाद गरेका थिए । पार्टी विभाजनपछि यादवले मन्त्रीको अवसर पाएका छन् ।

## बन्द चिनीमिलका आवासमा को बस्छन् ?

**मधेशदृष्टि**
**वीरगंज ।**
सरकारद्वारा सञ्चालित मधेश प्रदेशको एक मात्र वीरगंज चिनी कारखानाको आवास क्षेत्रका कोठामा बिचौलियाले मस्ती गरेका छन् । ३० वर्ष अघिदेखि बन्द चिनी कारखानाको आवास क्षेत्रमा ५ सय भन्दा बढी कर्मचारी बस्दै आएका थिए । लामो समयको अन्तरालमा केही कर्मचारीले आफ्ना नातागोता तथा चिनेजानेका व्यक्तिलाई कोठामा राख्न थालेपछि बिचोलियाले कोठा प्रयोग गरिरहेका छन् ।
चिनी कारखानामा कर्मचारीको संख्या २० देखि २५ मात्रै छ । तर आवास क्षेत्रका दर्जनौँ घरका सैयौँ कोठामा पर्सासहित अन्य जिल्लाका अन्य अन्जान व्यक्तिले भरिभराउ छन् । कारखानामा ९ सय २८ स्थायी कर्मचारी काम गर्थे र बाँकी अस्थायी १ हजार २ सय कर्मचारीलाई पनि उद्योगले रोजगारी सिर्जना गरेको थियो । कर्मचारीका लागि निर्माण गरिएको आवास क्षेत्रमा अहिले पनि पशुचौपाया, कुखुरापालन, बाख्रापालन पनि भइरहेको छ । अर्थात् आवास क्षेत्रमा बसोबास गर्नेहरु अहिले पनि टन्नै छन् ।
आवास क्षेत्रमा दुरुपयोग भएको कोठा सरकारले सही व्यवस्थापन गर्ने हो भने पर्साका गरिब, असहायले सहयोग पाउने स्थानीय बताउँछन् । चिनी कारखानाद्वारा सञ्चालित सिद्धार्थ माध्यमिक विद्यालय सञ्चालनमै छ, कर्मचारीका छोराछोरी त्यहीँ पढ्छन्, सार्वजनिकरुपमा आमव्यक्तिका छोराछोरी पढिरहेका छन् । सोही विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि छात्रावास व्यवस्थापनमा पनि ती आवासका कोठा मिलाउन सकिने एक शिक्षकले बताए । आवास क्षेत्रका कोठा दुरुपयोग नगर्न शिक्षा, स्वास्थ्य तथा सामाजिक कामका लागि हस्तान्तरण गर्न पनि अनुरोध भइरहेको छ । तर अनुगमन नहुँदा हुनेखानेले नै चिनीमिलको आवासमा बस्ती बसाइरहेका छन् ।
आर्थिक वर्ष २०४८–४९ मा सरकारले सूचना टाँस गरी वीरगंज चिनी कारखाना खारेज गरेको थियो । लगत्तै सैयौँ कर्मचारी बेरोजगार भई घर बस्न बाध्य भए । केही कर्मचारी १ लाख ५० हजार रुपैयाँदेखि ७ लाख रुपैयाँसम्म लिएर स्वेच्छिक अवकाशमा गए । त्यसमध्ये खारेजीविरुद्ध १ सय ९५ जना मुद्दा लड्न अदालत गए । ती कर्मचारी अहिले पनि मुद्दा लडिरहेका छन्, जसको मुद्दा सर्वोच्चमा चलिरहेको छ ।
हेटौँडा उच्च अदालतले प्रक्रिया पुर्याएर चिनी कारखाना खारेज नगरेकाले कर्मचारीको हकहितमा फैसला सुनाएको थियो । अर्थ मन्त्रालय अन्तर्गत रहेको चिनी कारखानासहित अरु दर्जनौँ सरकारी कारखाना निजीकरण गर्ने सोचले तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला सरकारले उद्योग खारेज गरेको थियो ।
उद्योगमा प्रशासन प्रमुख अवधकिशोर सिंह छन् । सरकारलाई पर्सा जिल्लाका सर्वसाधारण, समाजसेवी, बुद्धिजीवी तथा स्थानीय नेता चिनी मिल सञ्चालन गर्न पटकपटक आग्रह गरे पनि सञ्चालनमा आएको छैन । चिनीमिल सञ्चालन भए सैयौँको रोजगारी व्यवस्था हुनुका साथै पर्सा, बारा र रौतहटका हजारौँ किसानको आर्थिक उन्नति हुने देखिन्छ । चिनी मिलले रक्सी कारखाना सञ्चालनका साथै आफ्नै बलबुतामा कारखानासहित वीरगंजका केही ठाउँमा विद्युत लाइन पनि परिचालन गरेको थियो । त्यतिमात्रै होइन, ग्रामीण भेगको उखु संकलन गर्ने ठाउँसम्म गाडी पुग्न सडक मर्मत गर्नुका साथै खोला र नदीमा पुल व्यवस्थापन गरेको थियो । चिनी कारखाना सञ्चालन गर्न सबैको माग पनि छ ।

# भन्सार घेराउका क्रममा झडप



**सञ्जय मिश्रा**
**रौतहट ।**
भन्सार विभाग घेराउमा उत्रिएका प्रभु साह नेतृत्वको आम जनता पार्टीका नेता कार्यकर्ता र प्रहरीबीच झडप भएको छ । त्रिपुरेश्वरस्थित भन्सार विभागको घेराउमा उत्रिएका आजपाका कार्यकर्ताहरुलाई प्रहरीले धरपकड गर्ने क्रममा झडप भएको हो । झडपका क्रममा आजपाका एक दर्जन बढी कार्यकर्ताहरु पक्राउ परेका छन् ।

आन्दोलनमा उत्रिएका आजपाका केन्द्रीय सदस्यहरु चन्दा देवी साह र चन्द्रिका साह घाइते भएका छन् भने आजपाको वरिष्ठ नेता तिलक थापा, प्रवक्ता चन्द्रभूषण साहलगायत दर्जनौंलाई प्रहरीले गिरफ्तार गरेको छ ।

आन्दोलनको संयोजन गरेकी रञ्जु साहले शान्तिपूर्ण आन्दोलनमा उत्रिएको बेलामा प्रहरीले आफूहरुलाई बल प्रयोग गरी पक्राउ गरेको बताइन् । उनका अनुसार पक्राउ पर्नेहरुमा रञ्जु साह, आर्य पाण्डे, चन्द्रिका लाल साह, देव कुमारी साह, कनक सिंह, मीना देवी साह, बिरबल यादव, हरिनारायण साह, सुनिल कुमार साह, सुरेश साह, प्रभु साह, अरुण कुमार साह, शम्भु साह, वीरबहादुर यादव, सिकेन्द्र साह, जयकिसोर साह, रामकिशोर साह, उमेश साह र रामनारायण साह रहेका छन् ।

आजपाले विगत लामो समयदेखि भन्सारमा भएको लुटकारी प्रावधान खारेजीको माग गरेर आन्दोलन गरिरहेको छ । अहिले चौथो चरणको आन्दोलन चलेको छ । चौथो चरणको आन्दोलनको सोमबार ९औँ दिन हो । आजपाले अब भन्सारको लुटकारी प्रावधान खारेजीमा सरकार सकारात्मक नबने कडा आन्दोलन चाल्ने र आन्दोलनबाट उत्पन्न हुनै सबैखाले परिस्थितिको जिम्मा पनि सरकारले नै लिनुपर्ने चेतावनी दिएको छ । भन्सारमा कथित पुरस्कारको नाममा लुट्ने काम भएको र निजी सम्पत्ति कब्जा गर्ने काम भएको आजपाको ठहर छ । आजपाले भन्सार नियन्त्रणको नाममा तराई÷मधेशका जनताको निजी सम्पति लुट्ने काम तुरुन्त बन्द गर्न तथा भन्सार कानुनमा रहेका सम्पूर्ण विभेदकारी एवं लुटकारी प्रावधान हटाउन गत भदौदेखि चरणबद्ध आन्दोलन गर्दै आएको छ ।

आम सम्पर्क मञ्चद्वारा भन्सार बिभागमार्फत सरकारसमक्ष प्रस्तुत गरिएका मागहरुमा भन्सार नियमावलीमा रहेको परिच्छेद–१० को पुरस्कारसम्बन्धी सम्पूर्ण प्रावधान हटाउनुपर्ने, कर कानुन, राजस्व कानुन र भन्सार कानुनमा एकरुपता ल्याउन भन्सार नियमावलीबाट अनावश्यक प्रावधान हटाउनुपर्ने रहेका छन् । यस्तै, मागमा भन्सार महशुल नबुझाएकै कारण निजी सम्पति जफत गर्ने व्यवस्थाको सट्टा भन्सार नबुझाएमा उचित दण्डको व्यवस्था गर्ने, प्रत्येक व्यापारिक नाकाहरुमा भन्सार कार्यालय स्थापना तथा स्तरवृद्धि गर्ने, घरायसी प्रयोजन र व्यापारिक प्रयोजनका वस्तुहरुको पहिचानको स्पष्ट व्यवस्था गरी घरायसी प्रयोजनको लागि ल्याइने उपयोग्य वस्तुहरुमा कुनै भन्सार कर नलाग्ने व्यवस्था गर्नुपर्ने पनि समावेश गरिएको छ । भन्सारबाट उठेको राजस्व रकमको २५% सम्बन्धित प्रदेशलाई र २५% सिमासँग जोडिएका पालिकाहरुलाई दिने व्यवस्था गर्नुपर्ने आजपाको मुख्य माग रहेको छ ।

# जसपाको आधिकारिताबारे सर्वोच्च पुगे उपेन्द्र




**मधेशदृष्टि**
**वीरगंज ।**
अशोक राई नेतृत्वमा गठन भएको जनता समाजवादी पार्टीलाई निर्वाचन आयोगले आधिकारिकता दिएकोप्रति असन्तुष्टि व्यक्त गर्दै जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले सर्वोच्च अदालतमा निवेदन दायर गरेका छन् । निर्वाचन आयोगलगायतलाई विपक्षी बनाइ सोमबार दायर गरेको रिट निवदेनमा राई नेतृत्वको जनता समाजवादी पार्टीलाई दिएको आधिकारिकताको निर्णयलाई खारेज गर्न माग गरिएको छ ।

रिट निवेदनमा भनिएको छ, 'राजनीतिक दलसम्बन्धी ऐन, २०७३ विपरीत दल त्याग गरी जाने विपक्षी नम्बर २ देखि ८ सम्मका विपक्षीहरु रहेको संघीय संसदको सदस्य पद राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ३१ को अधिनमा रही खारेज गर्नु भनी परमादेशको आदेश जारी गर्दै निजहरुलाई सङ्घीय संसद्को सदस्यको हैसियतले कुनै पनि कार्य गर्न नदिनु भनी प्रतिशोधलगायत परमादेशको आदेश जारी गरी पाउँ ।'

यही वैशाख २३ गते राईले जसपा विभाजन गरेर नयाँ पार्टी दर्ताका लागि निवेदन दिएका थिए । सोही निवेदनको आधारमा निर्वाचन आयोगले यही वैशाख २४ गते आधिकारिकताको प्रमाणपत्र दिएको थियो । जसपा नेपालमा भएको विभाजनपछि उपेन्द्र यादवको पार्टीमा १२ मध्ये ५ मात्रै सांसद रहेका छन् । उक्त विवादमा आगामी जेठ २ गते प्रारम्भिक सुनुवाइका लागि पेसी तोकिएको छ ।

**लोसपाको साथ खोज्दै उपेन्द्र**
पार्टी विभाजनपछि अप्ठ्यारो अवस्थामा पुगेका जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) को साथ खोजेका छन् । अध्यक्ष यादवले मधेश प्रदेश सरकार बचाउन लोसपाको साथ खोजे पनि लोसपा अध्यक्ष महन्त ठाकुरले तत्काल सहयोग गर्न नसकिने जवाफ दिएका छन् । मधेश प्रदेश सरकारबाट नेकपा माओवादी केन्द्र र नेकपा एमाले समर्थन फिर्ता लिएपछि जसपा नेपालबाट मुख्यमन्त्री रहेका सरोजकुमार यादव अल्पमतमा परेका छन् । सरकार जोगाइदिन सहयोग माग्दै उपेन्द्र सोमबार लोसपा अध्यक्ष ठाकुरसँग भेट गरेका थिए ।

अध्यक्ष यादवले मधेश प्रदेश सरकारमा आफूलाई कमजोर पार्न खोजिएकोले लोसपाको सर्मथन चाहिएको भन्दै सहयोग मागेका थिए । तर, लोसपा अध्यक्ष ठाकुरले तत्काल त्यो सम्भावना नरहेको जवाफ दिएको लोसपाको एक नेताले बताए । उनका अनुसार लोसपाले मधेश सरकारको निर्णयको लिने जिम्मेवारी नेता जीतेन्द्र सोनललाई दिइएको छ ।

# पूर्ण खोप सुनिश्चितता घोषणा

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको पूर्विभेग गढीमाई नगरपालिका पूर्ण खोप सुनिश्चितता पालिका घोषणा गरिएको छ । सोमबार एक विशेष समारोह वीच पूर्ण खोप सुनिश्चितता हाम्रो प्रतिबद्धता' भन्ने नाराका साथ पुर्ण खोप सुनिश्चितता पालिका घोषणा गरिएको हो ।

जिल्ला समन्वय समिति रौतहटका सभापति रामअयोध्या यादव र जिल्ला स्वास्थ्य कार्यालयकाको चेन कोल्ड अधिकृत अनिल कर्णले संयुक्त रूपमा पूर्ण खोप सुनिश्चितता घोषणा गरेका थिए । कार्यक्रममा पालिकालाई पूर्ण खोप सुनिश्चितता प्रमाणपत्र समन्वय प्रमुख यादवले मेयर श्याम प्रसाद यादवलाई हस्तान्तरण गरेका थिए । मेयर यादवले खोप सुनिश्चितता घोषण गर्न सहयोग गर्ने कर्मचारीलाई कदर पत्र प्रदान गरेका हुन् । कार्यक्रममा गढीमाई नगरपालिका प्रमुख प्रशासकीय अधिकृत श्रीदेव यादव, प्रशासन शाखा प्रमुख नागेन्द्र राय यादव, समाजिक विकास शाखा प्रमुख हरेन्द्र साह तथा ९ वडाका वडाध्यक्ष लगायत डब्लु. एच. ओ.को प्रतिनिधि आशा चौधरी, जनप्रतिनिधिको उपस्थिति रहेको थियो ।

# धोबिनी गाउँपालिकामा नयाँ अधिकृत



**मधेशदृष्टि**
**पोखरिया ।**
पर्साको धोबिनी गाउँपालिकामा नयाँ निमित प्रमुख प्रशासकीय अधिकृत संजय प्रसाद यादवले कार्यभार सम्हालेका छन् । सोमबार एक कार्यक्रमकाबीच जनप्रतिनिधि र कर्मचारीहरुसँगको परिचयात्मक तथा स्वागत कार्यक्रम अधिकृत यादवलाई फुलमाला, अविर तथा डायरी कमल दिएर गाउँपालिकाका अध्यक्ष मदन प्रसाद चौहानलगायतले स्वागत गरेका थिए । निमित प्रमुख प्रशासकीय अधिकृत यादव बिगत ७ वर्षदेखि गाउँपालिकामा स्वास्थ्य शाखा प्रमुखको पदमा कार्यरत रहेका थिए । सोमबारबाट उनी पद भार ग्रहन गर्दै गाउँपालिकाको काम कारवाही नियमसंगत अगाढी बढउने तथा विकासले गति पाउँनेमा आफू बिश्वस्त रहेको प्रतिक्रिया दिए । उनले भने, 'यो गाउँपालिकाको अवस्थाबारे म राम्रोसँग अवगत छु, यहाँ धेरै समस्या छ तर अब पहिलाको जस्तो रहँदैन । जनप्रतिनिधि र कर्मचारीहरुको साथ र सहयोगले गाउँपालिकाको बिकास र जनताहरुको कामकाज सहज, छिटो र छरितो हुने बताए । स्वागत कार्यक्रममा गाउँपालिका अध्यक्ष चौहानले भने, 'हामीहरुलाई जनताले जिताएर जनप्रतिनिधि बनाएका छन्, बिकासका काम गर्नु पर्छ । चुनावको बेला जनतालाई दिएको बाचा पूरा गर्नु पर्छ ।' धोबिनी गाउँपालिकाको बिकासको लागि हामी जनप्रतिनिधि र कर्मचारीहरु एक जुट भएर अगाडि बढनमा अध्यक्ष चौहानले जोड दिए । कार्यक्रममा उपाध्यक्ष मन्जु देबी पटेल, वडाअध्यक्ष बन्धु साह तेली, राजकिसोर पटेल, मनौवर मियाँ, अबास मियाँ, नेपाली कांग्रेसका नेता श्याम किशोर पटेल, कार्यपालिका दिनेश प्रसाद कलवार, सदस्य मदन सहनी, कमल ठाकुर, प्रअ जितेन्द्र रामलगायतको सहभागिता रहेको थियो ।

# सबै पालिकामा आयोडिनयुक्त नुन उपलब्ध गराउन निर्देशन

**रासस**
**काठमाडौँ ।**
प्रतिनिधिसभा, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले देशभरका सबै पालिकामा आयोडिनयुक्त नुनको सहज आपूर्तिको व्यवस्था मिलाउन सरकारलाई निर्देशन दिएको छ । सुगम क्षेत्रमा नुनको सहज उपलब्धता भए पनि दुर्गममा नुनकै लागि सर्वसाधारण जनताले सास्ती खेप्नु परेको गुनासो सार्वजनिक भएसँगै समितिले उक्त निर्देशन दिएको हो । समितिले सोमबार साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडबाट हालसम्म भए÷गरेको कामकारबाही तथा आगामी कार्ययोजनाबारे उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी, आपूर्ति मन्त्रालयका सचिव दिनेश घिमिरे र साल्ट्र ट्रेडिङका उच्च अधिकारीसँग छलफल गरेको थियो ।

समितिले नुन, चिनी, रासायनिक मललगायत अत्यावश्यक सामग्रीको गुणस्तरीयता सुनिश्चित गर्दै देशभर सहजै उपलब्ध गराउन वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिएको छ । बैठकले साल्ट ट्रेडिङले विभिन्न शीर्षकमा पाउनुपर्ने भुक्तानीका लागि सहजीकरण गर्न अर्थ मन्त्रालयलाई समेत निर्देशन दिएको छ । बैठकमा सहभागी सांसदले आम नागरिकको भान्छासँग जोडिएको नुन तथा सहजरुपमा उपलब्ध हुने व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराएका थिए । उनीहरुले मुख्यतः बर्खायाममा रासायनिक मलको अभाव हुने गरेको यसअघिको उदाहरण प्रस्तुत गर्दै मलको अभाव नहुने गरी आपूर्ति सुनिश्चित गराउन जोड दिए ।



सांसद महेन्द्रबहादुर शाहीले दुर्गमका जिल्ला सदरमुकाम र इलाका प्रशासन कार्यालयसम्म मात्रै आयोडिनयुक्त नुन उपलब्ध भएको तथ्य प्रस्तुत गर्दै अति दुर्गम क्षेत्रमा पनि नुनको सहज उपलब्धता गराउन सरकारको ध्यानाकर्षण गराए । सांसद कान्तिका सेजुवालले जनताको मागअनुसार नुन आपूर्तिको व्यवस्था मिलाउन आग्रह गरिन् । उनले दुई÷तीन दिनको बाटो हिँडेर दुई केजी मात्रै नुन पाउने अवस्थाको अन्त्य हुनुपर्ने बताइन् । सांसद हेमराज राईले नुन, चिनी तथा रासायनिक मललगायत अत्यावश्यक वस्तु बिक्रीवितरणको जिम्मेवारी लिएको साल्ट ट्रेडिङले मागअनुसार आपूर्तिको सुनिश्चितता गर्नुपर्ने बताए । सांसद सूर्यमान दोङले रासायनिक मलको सहज आपूर्ति र वितरणको योजना के छ भनी प्रश्न गरे । सांसद गणेश पराजुली, सीता मिजार, शान्ति चौधरी र अमृतादेवी अग्रहरीले बर्खाको समयमा रासायनिक मलको उपलब्धता सुनिश्चित गर्न तथा दुर्गममा नुनको ढुवानीको व्यवस्था मिलाउन आग्रह गरे ।

छलफलमा सांसदले राखेका जिज्ञासाको जवाफ दिँदै उद्योगमन्त्री भण्डारीले नुन, चिनीलगायत अत्यावश्यक वस्तुको आपूर्ति सहज बनाउन सरकार प्रतिबद्ध रहेको बताए । 'अत्यावश्यक वस्तुको अभाव हुन दिइने छैन, आपूर्ति सहज बनाउन आवश्यक कार्ययोजना बनाउँदैछौँ' उनले भने । मन्त्री भण्डारीले समयमै रासायनिक मलको आयातको व्यवस्था मिलाउन ठोस योजना बनाइएको बताए । मल आपूर्तिलाई सहज बनाउन मन्त्रलायले थप कूटनीतिक पहल गरिरहेको उनको भनाइ थियो । मन्त्री भण्डारीले कृत्रिम अभाव, गुणस्तरहीन सामग्रीको बिक्रवितरण तथा कालोबजारी नियन्त्रण गर्न मातहतका निकायलाई व्यवस्थित ढङ्गबाट परिचालित गरिएको स्पष्ट पारे । साल्ट ट्रेडिङका प्रमुख कार्यकारी अधिकृत उर्मिला श्रेष्ठले नेपाल सरकारको निर्देशनबमोजिम विभिन्न खाद्य तथा गैरखाद्य वस्तुको उत्पादन तथा बजारीकरणमा कम्पनी क्रियाशील रहेको बताइन् । उनले आयोडिनयुक्त नुनको मूल्य समायोजन तथा ढुवानीका लागि बजेट सुनिश्चितता गरिदिन आग्रह गरिन् ।

# 'मुख्यमन्त्रीको सुविधा'ले...

पार्टीविभाजनविरुद्ध अदालत पुगे । दोस्रो, मधेश प्रदेश सरकारमा सजिलै एमाले–माओवादीलाई उपस्थिति जनाउन नदिन उनी लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का अध्यक्ष महन्थ ठाकुर भेट्न पुगे । नेपाली कांग्रेस र नेकपा एसले साथ दिएको अवस्थामा लोसपालाई मात्र रोक्न सकियो भने जनता समाजवादी नेपालले चाहेको सरकार बन्ने यादवको अनुमान छ । यसका लागि उनले लोसपा नेतृत्व भेटेर मिलेर सरकार बनाउन छलफल गरे ।

मधेश प्रदेशमा १ सय ७ सांसद रहेकामा एकजना निलम्बनमा परेकाले १ सय ६ जना सांसद कायम छन् । मधेश प्रदेश सभामा नेकपा एमाले २५, नेपाली कांग्रेस २२, जसपा नेपाल १९, माओवादी केन्द्र ९, लोसपा ८, जनमत १३, नेकपा एस ७, नागरिक उन्मुक्ति पार्टी १, राप्रपा नेपाल १, संघीय समाजवादी पार्टी १ सदस्य छ । यस्तो अवस्थामा लोसपा मात्रै जसपा नेपालसँग उभिएको अवस्थामा कांग्रेस, जसपा नेपाल या लोसपा र नेकपा एसमध्ये जसको नेतृत्वमा सरकार बनाए पनि पुग्ने अंकगणित छ । एमाले–माओवादीले लोसपा र जनमत जोडेर बहुमतको सरकार बनाउने भनेर जसपा नेपाल नेतृत्वको सरकार ढालेको हो । लोसपाका ८ सदस्यले एमाले–माओवादी–जनमतलाई साथ नदिएको अवस्थामा नेपाली कांग्रेसको २२, जसपाको १९, लोसपाको ८ र नेकपा एसको ७ जोड्दा सरकार बनाउन सुविधाजनक बहुमत हुने भएकाले यादव महन्थ ठाकुरकहाँ सरकार बनाउने विषयमा छलफल गर्न पुगेका हुन् ।

यता, आइतबार राति नै काठमाडौँ आएका लोसपा संसदीय दलका नेता जितेन्द्र सोनलले उपयुक्त समयमा उपयुक्त निर्णयमा पुगिने भनेर दिएको प्रतिक्रियापछि एमाले–माओवादी नेतृत्व पनि झस्किएको छ । दुवै केन्द्रीय निर्देशनअनुसार मात्रै चल्न सक्ने अवस्थामा रहेकाले जनमत र लोसपाको सजिलै समर्थन पाइहाल्ने अवस्था नबनेको र जसपा नेपाल र नेकपा एससँग दूरी निकै बढाएकाले पनि समस्यामा परेको छ । यता, जसपाको सरकार ढाल्न चाहेको जनमत पार्टी पनि सजिलै एमाले या माओवादीको सरकारमा सहभागी भइहाल्ने अवस्था छैन ।

केन्द्र गठबन्धनमा सम्मानजनक उपस्थितिबारे टुंगोमा नपुगी प्रदेश सरकारमा सहभागी हुने अवस्थामा जनमत नरहेपछि एमाले–माओवादी अरु समस्यामा परेको हो ।

# सशस्त्रका एसपीको स्वागत तथा बिदाई




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज उद्योग वाणिज्य सङ्घले पर्साका नवआगन्तुक सशस्त्र प्रहरी उपरीक्षक रोधश्याम धिमालसँग भेटघाट तथा सशस्त्र प्रहरी उपरीक्षक किशन कर्माचार्यको बिदाई कार्यक्रम सम्पन्न गरेको छ । सङ्घका अध्यक्ष अनिल कुमार अग्रवालले स्वागत मन्तव्यका क्रममा वीरगंज उद्योग वाणिज्य सङ्घको ऐतिहासिक पृष्ठभूमि र यस क्षेत्रको औद्योगिक, व्यापारिक महत्व तथा उपादेयताकाबारे प्रकाश पारेका थिए ।

सशस्त्र प्रहरी बल नेपाल १३ नम्बर गणका नवआगन्तुक सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमालले आफ्नो कार्यकालमा सक्रियतापूर्वक सम्पादन गर्ने तर्फ प्रयत्नशील रहने बताए । नेपाल उद्योग वाणिज्य महासङ्घका कार्यकारिणी सदस्य एवम् वीरगंज उद्योग वाणिज्य सङ्घका पूर्व अध्यक्ष डा. सुबोधकुमार गुप्ताले खुल्ला बोर्डर हाम्रो लागि अवसर र चुनौती दुवै भएकोले शान्ति सुरक्षा, तस्करी नियन्त्रणमा सशस्त्र प्रहरीले सघन भूमिका निर्वाह गर्नुपर्ने तर्फ ध्यानाकर्षण गराएका थिए ।

औद्योगिक सुरक्षा बलको पुनः स्थापनामा सबैको सहकार्य अपरिहार्य भएको बताए । त्यसैगरी सशस्त्र प्रहरी उपरीक्षक किशन कर्माचार्यले सङ्घले गरेको माया र सद्भाव आपूm कहिले पनि नबिर्सिने बताए । उनले सामाजिक विकासको लागि वीउवासङ्घले निर्वाह गर्दै आएको भूमिका सरहानीय रहेको बताउँदै आगामी दिनहरुमा समेत एक आपसबीचको सम्बन्ध अझै प्रगाढ हुने धारणा राखे । कार्यक्रममा सङ्घका बरिष्ठ उपाध्यक्ष हरि गौतमले धन्यवाद ज्ञापन गरेका थिए भने कार्यक्रमको सञ्चालन सङ्घका महासचिव आशिष लाठले गरेका थिए । कार्यक्रममा वीउवासङ्घका पूर्व अध्यक्ष तथा नेपाल भारत सहयोग मञ्चका केन्द्रीय अध्यक्ष अशोककुमार बैद्य, कोषाध्यक्ष शिवजी प्रसाद कलवार, सह–कोषाध्यक्ष अनोज रुँगटा लगायतका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

# वीरगंजमा खानेपानीको सङ्कट गहिरिँदै

**हिमाल लम्साल**
**वीरगंज ।**

कैफुलहुद्दा मियाँ ५० वर्षदेखि वीरगंज महानगरपालिका–१२ मुर्ली नयाँटोलमा बसोबास गर्दा कहिल्यै पनि खानेपानीको समस्या भोग्नु परेन् । तर, दुई वर्षयता उनको घरसँगै रहेको चापाकलमा पानी सुकेसँगै अचम्मित पर्दै आएका छन् । ‘म नौ वर्षको उमेरदेखि वीरगंजमा बसोबास गर्दै आइरहेको छु । ५० वर्षे अवधिमा यहाँ कहिल्यै पनि खानेपानीको अभाव महसुस गर्नु परेन’, उनले विगत स्मरण गर्दै भने, ‘गत वर्ष हिउँदेयाममा चापाकल सुकेपछि जेनतेन गुजारा चलाएँ तर यो वर्ष पनि चापाकल सुकेपछि खानेपानी कार्यालयबाट नयाँ धारा जडान नगरी धरै पाइएन ।’

वीरगंज महानगरबासीले दुई वर्षयता चैतदेखि असारसम्मको अवधिमा आफ्नो घर प्राङ्गणमा खनेको चापाकल सुकेसँगै खानेपानीको हाहाकार महसुस गर्दै आइरहेका छन् । घर–घरमा चापाकलको पानी सुकेसँगै पछिल्लो समय नेपाल खानेपानी संस्थान शाखा कार्यालय वीरगंजमा खानेपानीको नयाँ लाइन जडान गर्नेको भीडभाड नै लाग्न थालेको छ । कार्यालयमा दैनिक ५० देखि एक सयको हाराहारीमा चापाकल सुकेर नयाँ धारा जडान गर्न भन्दै आउने गरेका छन् । वीरगंज महानगरमा चापाकल सुकेर खानेपानीको समस्या भोग्ने मियाँ एक्ला होइनन् । महानगरमा उनी जस्तै खानेपानीको समस्या भोग्ने चोक–चोकमा भेटिन्छन् । वीरगंज महानगरपालिका वडा नम्बर १० बजरंगटोलका गम्भिरा गिरी पनि आफ्नो चापाकल सुकेसँगै नयाँ धारा जडानको निवेदनसहित खानेपानी सस्थानको कार्यालयमा निवेदन लिएर पुगे । ‘हामीले पहिला खानेपानीको यस्ता समस्या भोगेकै थिएनौ । एक्कासी दुई वर्षदेखि चैतदेखि असारसम्मको अवधिमा चापाकल सुक्ने समस्या देखिदैँ आइरहेको छ’, उनले भने, ‘खोई, जमिनमुनिको पानीको सतह घटेरै होला त चापाकलको पानी सुकेको होला नि ।’ उनको अनुभवमा पछिल्ला वर्षमा तराई–मधेशमा चर्को गर्मी बढेसँगै खानेपानीको समस्या देखिन थालेको हो । ‘यहाँका बुढापाकाको कुरा सुन्दा कहिल्यै पनि पानीको अभाव भएको सुनेका थिएनौँ । चापाकलको पानी सुकेसँगै पिउनका लागि, सरसफाइ र शौचालय जाने पानीको समेत अभाव हुँदै आइरहेको छ’, उनले थपे, ‘पानी नहुने हो भने त सबैकुरा लथालिङ्ग हुने रहेछ ।’ वीरगंज महानगरवासी राकेश सिंहले पनि चापाकल सुकेसँगै शिव मन्दिरसँगै रहेको सार्वजनिक धाराको पानी उपयोग गरेर गुजारा चलाउँदै आइरहेको बताए । ‘अहिले त मेरो आधा काम नै पानी बोक्ने जस्तो भइसक्यो’, उनले भने, ‘अब खानेपानीको धारा जोडेर नै अघि बढ्नुपर्ला जस्तो छ ।’ वीरगंज महानगरमा विशेषगरेर वडा नम्बर १ बजार छपकैयाँ, वडा नम्बर २ छपकैया, वडा नम्बर १२ मुर्ली, वडा नम्बर १० आर्दशनगर, वडा नम्बर १५ लक्ष्मणवा, वडा नम्बर १६ नगवा, इनर्वालगायतका सबैजसो वडामा खानेपानीको चर्को समस्या छ ।

वीरगंज महानगरपालिका वातावरण तथा विपद् व्यवस्थापन महाशाखा प्रमुख राकेश साहले वीरगंज महानगरको ग्रमिणभन्दा पनि सहरी क्षेत्रमा हिउँदेयामको केही महिना खानेपानीको अभाव हुने गरेको बताउँछन् । ‘सुक्यायाममा चुरे क्षेत्रमा जमिनमुनि पानीको रिचार्ज कम हुने गर्छ । त्यसले गर्दा हरेक वर्ष हिउँदयाममा भूमिगत पानीको सतह घट्दै गइरहेको छ’, उनले भने, ‘पहिला–पहिला त चापाकल खासै सुक्दैन्थे तर, अहिले भने चापाकलमा पानी सुक्ने गरेको छ ।’ महाशाखा प्रमुख साहले आफ्नो प्रारम्भिक अध्ययनले वीरगंजको भूमिगत पानीको सतह घट्दै गइरहेको बताउँछन् । ‘मैलै भूमिगत पानीको सतहको गत वर्ष र चालु आवको तुलनात्मक रुपमा केही अध्ययन गरेको थिए । सो अध्ययनले गत वर्षको तुलनामा चालु आवमा भूमिगत पानीको स्रोत क्रमशः घट्दै गइरहेको देखिन्छ’, उनले भने, ‘प्रारम्भिक खालको अध्ययनले गत वर्षको तुलनामा चालु आवमा दुई–तीन फिट पानीको सतह घटेको देखियो ।’ उनले महानगरले खानेपानीको समस्या सम्बोधन गर्नका लागि विभिन्न सार्वजनिक स्थानमा बोरिङ खनेर पानी वितरण गर्दै आइरहेको बताए । नेपाल खानेपानी संस्थान शाखा कार्यालय वीरगंजका वितरण शाखा प्रमुख सञ्जीवकुमार यादवले वीरगंज महानगरबासीको चापाकल सुकेसँगै खानेपानी कार्यालयमा नयाँ धारा जडानका लागि आउनेको संख्या बढिरहेको बताउँछन् । ‘चुरे क्षेत्रको विनाशकै कारणले पनि वीरगंज आसपास क्षेत्रको भूमिगत पानीको सतह घट्दै गइरहेकाले पनि खानेपानीको विकराल समस्या देखिएको हो’, उनले भने, ‘गत आवको अन्त्यसम्म वीरगञ्ज महानगर क्षेत्रमा आठ हजार चार सय मात्रै खानेपानीका ग्राहक थिए । हिउँदेयाममा चापाकल सुकेसँगै यो वर्ष मात्रै २४ सयभन्दा धेरै ग्राहक थपिएका छन् ।’ कार्यालयका अनुसार अहिले कुल ग्राहक संख्या १० हजार आठ सय रहेका छन् । कार्यालयका अनुसार वीरगंज क्षेत्रको खानेपानीको मुख्य स्रोत नै भूमिगत पानी नै हो । अन्य पहाडी जिल्लामा जस्तो यहाँ कुनै नदीबाट पानी ल्याएर वितरण गर्ने गरिदैँन । खानेपानी संस्थानसँग दैनिक एक करोड ६८ लाख लिटर खानेपानी उत्पादन गर्ने क्षमता रहेको छ । सो क्षमतामध्ये अहिले वीरगंज महानगर क्षेत्रमा एक करोड १५ लाख ५० हजार लिटर पानीको दैनिक माग रहेको छ तर कुल उत्पादन क्षमता भने ४० प्रतिशत खानेपानी चोरी तथा चुहावट हुने गरेको छ ।

कार्यालयका अनुसार अहिले ११ वटा भूमिगतबाट पानी तान्ने ठूला प्रकृतिका बोरिङ रहेका छन् । यद्यपि कार्यालयसँग करिब डेढ दर्जनको हाराहारीमा सानाठूला बोरिङ रहेका छन् । कार्यालयसँग कम्तिमा पनि वीरगंजका २० हजार घरधुरीलाई खानेपानी खुवाउन सक्ने क्षमता छ । तर,अहिले पूर्वाधार र बजेट अभावको कारणले सकिरहेको छैन । खानेपानी संस्थानले वीरगंजमा खानेपानीको लागि दुई सय ५० देखि तीन सय मिटर गहिराईबाट पानी निकाल्ने गर्छ । सत्यम बोरिङ उद्योग वीरगंजका सञ्चालक राजु चौरासियाले विगतको तुलनामा भूमिगत पानीको स्रोत सुक्दै गएकाले पनि अझै गहिराएर बोरिङ खन्नुपर्ने अवस्था सिर्जना भएको बताउँछन् । ‘यो वर्ष मात्रै हामीले करिब ८५ लाख रुपैयाँको ठेक्कामा रामगढवा र नगवा क्षेत्रमा खानेपानीको बोरिङ खनेका थियौँ’, उनले भने, ‘ठूला डिपबोरिङ खन्दा पानीको अभाव नभए पनि ससाना चापाकलको लागि भने पानीको स्रोत सुक्दै गइरहेका छन् ।’ ठूला खालका डिपबोरिङ खन्न त्यति धेरै महँगो नपर्ने उनको भनाइ रहेको छ । खानेपानी संस्थानले चालु आवमा महानगरभित्र ५० किलोमिटर खानेपानीको पाइपलाइन विस्तार गर्ने लक्ष्य राखेको छ । हालसम्म भने १८ किलोमिटर मात्रै पाइपलाइन विस्तार भएको छ । वितरण प्रमुख साहले सरकारले पर्याप्त मात्रामा बजेट उपलब्ध गराउन सकेको खण्डमा वीरगञ्जमा देखिएको खानेपानीको समस्या समाधान गर्न गाह्रो नहुने बताउँछन् ।

**भूमिगत पानी झिक्दाको पनि तथ्याङ्क जरुरी**

भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय पर्साका निमित्त डिभिजन प्रमुख विकास ठाकुरले सहरी घनाबस्तीमा भूमिगत पानीको उच्च दोहनकै कारणले पानीको सतह घट्दै गइरहेको बताउँछन् । ‘अहिले जथाभावीरुपमा घरघरमा भूमिगतपानी आफूखुसी ढङ्गले निकाल्ने प्रवृत्ति बढिरहेको छ । पछिल्ला समय वीरगंज आसपासको क्षेत्रका चापाकल सुक्ने गरेका छन्’, उनले भने, ‘भूमिगत



पानीको सतह घटेसँगै अबदेखि चार इन्चभन्दा ठूलो प्वाल पारेर पम्प राखेर मात्रै पानी तान्नुपर्ने अवस्था सिर्जना हँुदैछ ।’ निमित्त डिभिजन प्रमुख ठाकुरले तराई–मधेश क्षेत्रमा रहेका चुरे संरक्षण गरेर भूमिगत खानेपानीको स्रोत जोगाउनुपर्ने बताउँछन् । ‘अब हामीले भूमिगत पानी कति निकालिरहेका छौँ भनेर वैज्ञानिकरुपमा तथ्याङ्क सङ्कलन गर्ने बेला भइसकेको छ’, उनले भने, ‘हामीले ५÷१० वर्षको तथ्याङ्क सङ्कलन गरेपछि मात्रै तुलनात्मकरुपमा अध्ययन गर्न सक्ने थियौँ । त्यसैले अब डिपट्युबवेललगायतमा डाटा सङ्कलन गर्ने प्रविधि जडान गर्न आवश्यक देखिएको छ ।’

**वडाकै अग्रसरतामा बोरिङ**

वीरगंज महानगरले आफ्नै सक्रियतामा पनि विभिन्न सार्वजनिक स्थानमा खानेपानीका लागि बोरिङ खन्दै पनि आइरहेको छ । त्यसको अलवा वडा कार्यालयकै सक्रियतामा पनि सानो प्रकृतिका बोरिङ खनेर खानेपानी वितरण पनि गर्दै आइरहेका छन् । वीरगंज महानगरपालिका–९ का वडाध्यक्ष जवाहरप्रसाद गुप्ता जनप्रतिनिधिका रुपमा आएसँगै साढे १६ लाख रुपैयाँ खर्चेर पानमण्डी स्काउट सडकखण्ड र रानीघाट क्षेत्रमा चार इन्च पाइप क्षमताको दुई वटा बोरिङ खनेर वडाबासीलाई खानेपानी वितरण गर्दै आइरहेको बताउँछन् । ‘जनप्रतिनिधिका रुपमा आएसँगै वडाकै बजेटबाट दुई ठाउँमा बोरिङ खनेर पानी वितरण गर्दै आइरहेका छौँ । यसले वडामा पानीको अभावलाई केही हदसम्म भएपनि नियन्त्रण गर्दै आइरहेका छौँ’, उनले भने, ‘अन्य वडाको तुलनामा नौ नम्बर वडा सानो भए पनि रानीघाट क्षेत्रमा भने अझै पनि खानेपानीको अभाव कायमै छ । अर्को बोरिङ खन्ने योजना बनाइरहेको छु ।’ वडा कार्यालयले पानमण्डी स्काउट सडकखण्डमा खनेको बोरिङबाट एक सय ५ घरधुरी लाभान्वित भएका छन् । रानीघाट क्षेत्रमा राखेको बोरिङबाट ८५ घरधुरी लाभान्वित भइरहेका छन् ।

**खानेपानी जडान शुल्क**

खानेपानी संस्थानले वडा कार्यालयको सिफारिसपत्रसहित आएका ग्राहकलाई खानेपानी जडान गर्दै आइरहेको छ । नयाँ खानेपानीको लाइन जडान गर्नका लागि घरधनीको नागरिकताको प्रतिलिपि, लालपुर्जाको प्रतिलिपि, नापी कार्यालयबाट ल्याएको ब्लुप्रिन्ट र वडा कार्यालयको सिफारिसलगायतका कागजात लिएर आउनुपर्ने हुन्छ । कार्यालयले नयाँ धारा जडान शुल्कबापत छ हजार तीन सय ७० रकम लिने गर्दछ । महानगरका वडा कार्यालयले खानेपानीको जडानको सिफारिस गरेवापत पनि शुल्क पनि छुट्टै तोकेका छन् ।

संस्थानका अनुसार मासिक १० हजार लिटर मात्रै पानी खपत गर्ने ग्राहकले खानेपानी महसुलबापत एक सय १० रुपैयाँ मात्रै तिरे पुग्छ ।

सोभन्दा बढी पानी प्रयोग गरेको खण्डमा भने प्रतिहजार लिटर २५ रुपैयाँको दरले अतिरिक्त तिर्नुपर्ने व्यवस्था छ । वितरण प्रमुख यादवले खानेपानीको पाइप विस्तार भएको ठाउँमा नयाँ ग्राहकको घरमा एक साताभित्रै खानेपानी जडान हुने बताए । ‘हामीसँग नयाँ खानेपानी धारा जडान गर्नका लागि निकै सीमित जनशक्ति रहेको छ । हामीले दैनिक ३० घरधुरीमा भन्दा धेरै नयाँ जडान गर्न सकिरहेका छैनौँ’, उनले भने ।

# अवकासपछि कृषि कर्ममा मस्त सुकदेव

**मधेशदृष्टि**
**सिरहा ।**

प्रायः मान्छे जागिर छोडेर अवकासपछिको जीवन कसरी व्यतित गर्ने भन्ने चिन्तामा रुमल्लिएको देखिन्छ । कोही भने स्वतन्त्र रुपले जिउन चाहन्छन् । कुनै पेसा व्यवसायमा आवद्ध हुनुभन्दा पनि सामाजिक क्षेत्रमा लाग्नेहरु बढी देखिन्छन् । तर, सिरहाको लहान नगरपालिका–१६ का सुकदेव चौधरीको भने उपसचिवबाट अवकासपछिको जीवन अलि फरक शैलीमा बितिरहेको छ । विसं २०७९ मा नेपाल सरकारको जल तथा ऊर्जा आयोगको इलेक्ट्रोनिक इञ्जीनीयर अन्तर्गत उपसचिवबाट अवकास पाएसँगै व्यावसायिक कृषि पेसामा संलग्न भए । त्यसको लागि उनले जागिरे जीवनमै देश तथा विदेश भ्रमणताका विभिन्न कृषि क्षेत्रको अवलोकन गरी अवकासपछि यही पेसा गर्छु भन्ने सङ्कल्प गरिसकेको बताउँछन् । सिरहा जिल्लामै ड्रागन खेतीको सुरुवात आफुले गरेको दाबी चौधरीको छ । ‘जागिरबाट अवकास पाउने वित्तिकै कृषि कर्ममा हात हालेको छु । अवकास हुनुभन्दा केही वर्षअघिदेखि नै ड्रागनखेती सुरु गरिसकेको थिएँ । त्यसपछि फलफूलखेती, माछा व्यवसाय र माहुरी व्यवसाय पनि एकसाथ सुरु गरेको छु’, उनले भने, ‘अहिले दुई वर्ष भयो व्यवसायमा सोचे भन्दा राम्रो सफलता पाएको छु ।’ चौधरीले १४ कठ्ठा क्षेत्रफलमा ड्रागनखेती गरेका छन् । त्यसैगरी फलफूलको बगैँचा पनि निर्माण गरेका छन् । जसमा सय÷सय बोट लिची र कागती रहेका छन् । त्यसैगरी आँप, उष्ण क्षेत्रमा फल्ने स्याउ, सेतो जमुना, एभोकाडो, मौसमी अनार, सुन्तला जस्ता फलफूलका बिरुवा पनि लगाएको चौधरीले बताए । त्यस्तै चारवटा पोखरी निर्माण गरी छ प्रजातिका माछा व्यवसाय रहेको छ । त्यसैगरी आठ घारबाट माहुरी व्यवसाय पनि सुरु गरेका छन् । पेसाले इलेक्ट्रोनिक इञ्जिनीयरबाट अवकाशपछि यही क्षेत्रको निजी स्रोतमा ४०÷५० हजारको जागिर सजिलै पाउने भए तापनि आफूलाई कृषि कर्ममा खुसी र सन्तुष्टि मिल्ने चौधरी बताउँछन् । ‘अवकासपछि आफूलाई कसरी व्यस्त र खुसी राख्ने भन्नेबारे मानिसको आ–आफ्नो धारणा हुनसक्छ । मलाई भने आफ्नै खेतबारीमा परिश्रम गरी शान्त वातावरणमा बाँकी जीवन व्यतीत गर्न मन लाग्यो’, चौधरीले भने, ‘वास्तवमा प्रत्येक व्यक्तिले जे गर्दा आफ्नो मन खुसी हुन्छ वा सन्तुष्टि मिल्छ त्यही गर्नुपर्छ । कसैलाई घुमफिर गर्न मन लाग्छ, कोही समाजसेवामा आफूलाई सन्तुष्टि पाउँछन् । कोही जागिरको व्यस्तताले आफूलाई मन परेको काम गर्ने रहर मेट्न पाएका हुँदैनन् । जुनसुकै काम गरे पनि मन सन्तुष्ट हुने काम गर्नुपर्छ ।’

**वार्षिक दश लाख आम्दानी**

चौधरीका अनुसार दुई वर्षअघिदेखि फल दिन सुरु गरेको ड्रागन सुरुको वर्ष जम्मा एक क्विन्टलमात्र भएको थियो । तर, दोस्रो वर्ष भने १६ क्विन्टल फल दिएको उनले बताउँदै आगामी वर्षमा ३० क्विन्टल हुने अनुमान गरे । प्रतिकेजी ड्रागनको फल तीन सयदेखि पाँच सय रुपैयाँसम्म बिक्री वितरण भएको जनाउँदै मुख्यगरी यसको बजार सिरहाको लहान, गोलबजार र सदरमुकाम सिरहा तथा उदयपुरको गाईघाट र कटारी भएको चौधरीले बताए । यसरी ड्रागनखेती, माछा व्यवसाय र माहुरी व्यवसायबाट वार्षिक दश लाख रुपैयाँको कारोबार हुने चौधरीले बताए । स–साना फलफूलको बोट भने हुर्कने प्रक्रियामा रहेकाले फल लाग्न बाँकी रहेको छ । त्यसैगरी आगामी वर्षमा आफ्नो व्यवसाय थप विस्तार गर्ने योजना रहेको पनि चौधरीले जानकारी दिए ।



**स्थानीयलाई रोजगार**

कृषि कर्ममा चौधरी सक्रियताका साथ आफैँ बिहानदेखि बेलुकासम्मै खट्छन् । उनलाई जीवन सङ्गिनी हरिदेवी चौधरीले साथ दिएकी छन् । उनका एक छोरा भने अध्ययनको सिलसिलामा विदेशमा रहेका छन् । जागिरे जीवन हुँदा काठमाडाँैमा करिब १६ वर्ष श्रीमतीले सुगर प्रेसरको औषधि खानुपरेको भए तापनि अहिले खेतबारीमा श्रम गर्दा उक्त रोग नियन्त्रणमा रहेको र कुनै औषधि खानै नपरेको चौधरी बताउँछन् । ‘केही नगरी बसेर दिन कटाउनु भनेको रोग पाल्नु जस्तै रहेछ । त्यो भन्दा त कामले शरीरलाई व्यस्त राख्दा शरीर पनि फुर्तिलो, खाने कुरा पनि अर्गानिक उत्पादन हुने रहेछ ।’ चौधरीले भने । चौधरीले ड्रागनको खेतीभित्रै अर्गानिक कम्पोष्ट मल प्रयोग गरी प्याज, लसुन, भान्टा जस्ता तरकारी पनि लगाएका छन् । उनले अहिले पाँच जना स्थानीयलाई नियमित रोजगारीमा काम पनि दिलाएका छन् । युवाहरु बेरोजगार भएँ भन्दै भाँैतारिने समस्या देख्दा दुःख लाग्ने उनी बताउँछन् । ‘मेहनत गरेपछि जीविकोपार्जन गर्न कुनै समस्या छैन । तर, त्यसको लागि स्पष्ट दृष्टिकोण चाहिन्छ । नेपालमा जमिनको महत्व नबुझेर विदेश जाने प्रवृत्ति छ । किन विदेश जानु ? खेतबारी बाँझै किन छोड्नु ? विदेशमा जतिनै मेहनत यहीँ गर्ने हो भने सुनै फलाउन सकिन्छ नि ।’ चौधरीले भने । जागिरबाट अवकाश लिएपछि पनि मनलाई खुसी राख्न मानिसले आफूलाई कुनै न कुनै रुपमा सक्रिय राख्नुपर्छ भन्ने मान्यता चौधरीको छ । ‘सक्रिय हुनु भनेको आफ्नो शरीरलाई मात्रै होइन मनलाई पनि सक्रिय राख्नु हो । मानिसले आफूलाई सक्रिय राख्यो भने मात्रै आफ्नो मनलाई खुसी राख्न सकिन्छ । अनि मात्रै स्वस्थ, खुसी र सुखी जीवन जिउन सकिन्छ’, चौधरी अगाडि भन्छन्, ‘नेपालको परिप्रेक्ष्यमा त अवकाश लिने भनेको जागिर खानेको लागि मात्रै हो भन्ने धारणा छ । तर त्यस्तो होइन । शरीरले धानेसम्म काम गर्ने हो । सबैलाई राज्यबाट पेन्सन प्राप्त हुन्छ भन्ने छैन । पेन्सन प्राप्त भए पनि त्यो आफ्नो र परिवारको जीवन धान्न पर्याप्त हुन्छ भन्ने पनि छैन । बुढेसकाल धान्न राज्यबाट सुविधा प्राप्त हुन्छ भन्ने पनि छैन । त्यसैले अवकाशपछिको जीवनबारे पूर्व तयारी गरिएन भने जीवन धान्न मुस्किल हुन्छ ।’ रासस

**श्री गंगा सागर छठ पूजा समिति**
**शिव चौक, जनकपुरधाम**

**सूचना! सूचना!! सूचना!!!**
**आवेदन फर्म वितरण सम्बन्धी सूचना**

उपरोक्त सम्बन्धमा मिति २०८१।११।२९ गते शनिवारको दिन कार्यसमितिको निर्णय अनुसार सदस्यता आवेदन फर्म वितरण गर्ने खुल्ला गरीएकोले सम्पूर्ण सदस्यहरु तथा नयाँ सदस्यता र आजिवन सदस्य समेतलाई खुल्ला गरिएको छ।

सम्पूर्ण व्यक्तित्व, बुद्धिजिवी, महानुभावहरुमा जानकारी गराउँदछौं। विशेष जानको लागि समितिको कार्यालयमा सम्पर्क राखौं।

आवेदन फर्म वितरण मिति : २०८१।२।१ गते आरम्भ
अन्तिम मिति : २०८१।२।१५ गतेसम्म

| सचिव | अध्यक्ष |
|---|---|
| **रामचन्द्र पजियार** | **श्री हरिनारायण गुप्ता** |
| मो.-९८०७८०८४७३ | मो.-९८००८२००७५ |

**एवं समस्त**
**श्री गंगासागर छठ पूजा समिति (परिवार)**

*लक्ष्य नै नराखिकन बाँचुभन्दा महान्*
*लक्ष्य बोकेर मर्नु महानता होइन र ?*
*– खलिल जिब्रान*

## सम्पादकीय

## एमाले र माओवादीलाई मधेशमा समस्या

*केन्द्र गठबन्धनमा परिवर्तनको प्रयास गरेपछि सफल देखिएको नेकपा माओवादी र नेकपा एमालेले मधेश प्रदेशमा पनि सरकार परिवर्तनका लागि गरेको हतारो र हर्कतले थप समस्या भएको छ । एकातिर मुख्यमन्त्री सरोजकुमार यादवले ३० दिनसम्म राजीनामा नगरी अर्को विश्वासको मत लिने वातावरण बनेको छ भने अर्कातिर नेकपा एमाले र माओवादीले आइतबार पुर्याएको ५४ मत रात रहे अग्राख पलाउँछ भने झैँ सोमबार एकाएक लोसपा र जनमतले आँखा झिम्क्याउन छाडेपछि संकट निम्तिएको छ । ‘सोम खेतीः बुध घर’ योजनाअनुसार सोमबार नयाँ सरकार बनाउने भनेर आइतबार एमाले नेता सरोज यादवको घरमा जम्मा भएका नेताहरु सोमबारसम्ममा तितरवितर भइसकेका छन् । जनमतले पनि माओवादी र एमालेसँग घनिभूत वार्ता नभएको जानकारी दिइसकेको छ । अर्कातिर लोसपा पनि सरकारबारे मौन छ । सोमबार बिहान लोसपा अध्यक्ष महन्थ ठाकुरकहाँ जसपा नेपाल अध्यक्ष उपेन्द्र यादव आफैँ पुगेपछि ‘सिनारियो’ एमाले र माओवादीले सोचे भन्दा फरक भएको छ । नेकपा एसका अध्यक्ष माधवकुमार नेपालले भन्ने गरेका थिए, ‘मधेशमा सरकार ढाल्न सक्छन्, बनाउन गाह्रो छ ।’ नभन्दै एमाले र माओवादीलाई सोमबार सरकार बनाउने रहरमा राम्रै ग्रहण लागेको छ । जनमत र लोसपाले पहिला सरकारलाई दिइएको समर्थन फिर्ता लिनु, अनि सोचौँला भनेपछि गरिएको राजीनामा र समर्थन फिर्ता यतिखेर ‘मुखमा तातो पिडालु’ सावित भएको छ ।*

*जतिसुकै बदनामी कमाए पनि गणितीय हिसाबले अहिलेसम्म मधेशमा जसपा नेपाल फुटाउन सकिएको छैन । त्यसै मुख्यमन्त्री सरोजकुमार यादवले पाँचौपटक पनि विश्वासको मत पाउँछु भनेर घमण्ड गरेका छैनन् । नेकपा एमालेको इशारामा माओवादीले चाल चल्दा लोसपा र जनमत मात्र भए पुग्ने अंकगणित प्रस्तुत गरेको थियो । यता, नेकपा माओवादीले एमालेको पनि जिम्मा लिएर कोशी प्रदेशमा समाजवादीलाई पनि एमालेको मुख्यमन्त्रीलाई समर्थन गर्न भनेको थियो । बागमतीमा पनि सबै मन्त्रालय दिने भनेको थियो । सुदूरपश्चिममा पनि विश्वासको मत दिने आस्वासन दिएको थियो । तर मधेशमा भने माओवादी र एमालेले जनमत र लोसपा भए नेकपा एस नचाहिने भन्दै अंकगणित प्रस्तुत गरिरहँदा सामान्य बहुमत मात्र थियो । नेकपा एसलाई उपेन्द्र यादवलाई झैँ पेलेर जाने माओवादी एमालेको अभ्यासले मधेशमा नराम्ररी धोका त्यतिखेर खाएको छ, जब सोमबार लोसपा र जनमत एमाले–माओवादीकहाँ कहाँ ल्याप्चे लगाउँ भन्न पुगेनन् । त्यसपछि मुख्यमन्त्री कसले लिने भन्ने छलफलसमेत अघि बढ्न सकेन, सोमबार एमालेले मुख्यमन्त्रीमा दाबी गर्ने भन्दै चलाएको हल्ला पनि छेपारोको उखानजस्तै भएको छ ।*

*जे होस्, राजनीति चानचुने मुटु हुनेहरुले गर्ने कारोबार होइन भन्ने मधेश प्रदेशमा देखिएको छ । जसपा नेपालले एमाले र माओवादीले केन्द्रमा दिएको चोटको राम्रै क्षतिपूर्ति लिने सोच बनाएको देखिन्छ । यसका लागि बरु ऊ जनमत या नेपाली कांग्रेसलाई पनि सत्तामा साथ दिन तयार छ । यस्तै, लोसपा नेतालाई त गुहार लगाइसकेको छ । लोसपा मात्रै सरकारमा नगए जसपाले माओवादी र एमालेलाई राम्रैसँग मधेशमा खेलाउन सक्छ । लोसपाले मागेको मन्त्रालय दिन नेपाली कांग्रेस पनि तयार छ । यस्तै, यदि जसपाले मुख्यमन्त्रीमा सरोजकुमार यादवका ठाउँमा अर्को अनुहार उभ्याए जसपाकै नेतृत्वमा एमाले–माओवादीरहित सरकार पनि बन्नसक्ने देखिन्छ ।*

### लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

### कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# वर्तमान अवस्थामा शिक्षाको महत्व



महेन्द्र लाल श्रेष्ठ

शिक्षा शब्दले विद्या, ज्ञान भन्ने अर्थ जनाउँछ । सामान्य भाषामा शिक्षा पाएको व्यक्ति शिष्य, शिक्षित, ज्ञानी, गुणी, आज्ञाकारी, समाजमा प्रतिष्ठित रहेको हुन्छ भन्ने विश्वास गर्दछौँ । शिक्षा सिकेर, पढेर, सुनेर वा अन्य कुनै पनि तरिकाले लिन सकिन्छ । परापूर्वकालमा शिक्षा दिने तरिका अलिभिन्न थियो । पहिले ऋषिमुनिहरुले चेलाहरुलाई आफ्नो कुटीमा शिक्षा दिने गर्दथे भने पछि समयअनुरुप गुरुकुल शिक्षा प्राणालीको विकास हुँदै अहिले विभिन्न शैलीमा शिक्षा दिने अभ्यासको विकास भएको बुझिन्छ । शिक्षा लिनेदिने गुरुचेलाहरुको स्वभाव सरल, मिलनसार, असल भएर समाजको विकास गराउन महत्वपूर्ण भूमिका खेलेको हुन्थ्यो । शिक्षाविना मानिसको जीवन अन्धकारमय हुन्छ । आजको युगमा शिक्षाको ठूलो महत्व छ । शिक्षा मानव जीवनको एक अमूल्य गहनाको रुपमा रहेको पाइन्छ । समयको गतिशिलतासँगै शिक्षासम्बन्धी नीति–नियम, विनियम, शिक्षाको संरचना बन्ने कामको सुरुवात भयो । शिक्षा सबैलाई अनिवार्य गरियो । विभिन्न कालखण्डमा राजा तथा राणाहरुले सार्वजनिक विद्यालयहरुको स्थापना गरी जनताका छोराछोरीलाई सर्वसुलभ शिक्षा दिने व्यवस्थाको सुरुवात भयो । पछि नीतिनियम बनाएर व्यक्तिहरुले समेत आफ्नो निजी लगानीमा विद्यालयको स्थापना गर्न थाले ।



नेपालको सन्दर्भमा हाम्रो जस्तो अल्पविकसित देशमा शिक्षाको धेरै महत्व छ । सरकार तथा दातृनिकायहरुबाट शिक्षामा धेरै लगानी गरेको विभिन्न तथ्याङ्कहरुले देखाउँछ । हाल विद्यालयमा साधारण शिक्षाका अतिरिक्त प्राविधिक शिक्षाको विकास गर्ने र जीवनोपयोगी शिक्षा प्रदान गर्ने उद्देश्य रहेको पाइन्छ । नेपालमा भएका कृषि, पशुपन्छी, जडीबुटी, पर्यटन, जलविद्युत्, सम्वृद्धि, आर्थिक आदिको प्रवद्र्धन हामीले शिक्षाको माध्यमबाट गर्न सक्यौंभने शिक्षाको नीति सार्थक सिद्ध भएर जानेछ । समयानुसार सरकारले कुनै पनि मानिस शिक्षाबाट वञ्चित हुनु नपरोस् भनेर माध्यमिक शिक्षासम्म अनिवार्य र निःशुल्क गरेका छ । हालको समयमा स्थानीय तहमा विभिन्न सिपमा आधारित भएर शिक्षाको माध्यमबाट सिप सिकाइ कार्य भइरहेको छ । शिक्षामा लगानी गरेर मात्र हुँदैन त्यसको प्रतिफल आउनु पर्दछ । प्रतिफल गुणात्मक आयो भने समाज र देशको प्रगति हुन्छ । समयसापेक्ष सिकाइ माध्यमहरु परिवर्तन गर्दै जानुपर्दछ । पाठ्यपुस्तक र पाठ अध्ययन गर्न लाग्ने समय विषयगत विज्ञहरु राम्रोसँग छलफल गरेर तयार गर्नुपर्दछ ।

राष्ट्रको सामाजिक, आर्थिक तथा राजनीतिक विकासको मेरुदण्ड शिक्षा हो । शिक्षाको माध्यमबाट कार्यालय व्यवस्थापन, कर्मचारी व्यवस्थापन, मानव संसाधन विकास, उद्यम विकास, नीति नियम तर्जुमा लगायत समग्र अर्थतन्त्र र बजारमा नवीनताको खोजी तथा कार्यान्वयनमा ध्यान दिन नसकेमा उत्पादन र औद्योगिकीकरणको अर्थ हुँदैन । व्यवस्थापकीय सिद्धान्तलाई आत्मसात् तथा अद्यावधिक गर्दै अगाडि बढ्नु पर्दछ । क्षमता विकास गरी कुशल व्यावसायिक बनाउन र अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्षम बनाउनु पर्दछ । माग र आपूर्तिलाई विश्लेषण गरेर अगाडि बढ्न सक्ने बनाउनु पर्दछ । शिक्षालाई अनुसन्धानमुखी बनाउनु पर्दछ ।

शिक्षाले राजनीतिक चेतनाको विकास गर्दछ । शिक्षालाई राजनीतिकरण गर्न कसैलाई छुट छैन । शिक्षामा राजनीति भयो भने गुणस्तर खस्किन्छ । विद्यालय÷विश्वविद्यालयमा शिक्षक र विद्यार्थीहरुलाई राजनीति गर्न दिनु हुँदैन र गर्नु पनि हुँदैन । शिक्षालाई दलगत स्वार्थको अभ्यासस्थल बनाउँदै लगियो भने शिक्षाको विकास कहिल्यै हुँदैन । राम्रा शिक्षक÷विद्यार्थीको योगदानको कदर हुँदैन । विद्यालय तथा विश्वविद्यालयलाई स्वशासित संस्थाको रूपमा विकास गर्नुपर्दछ । यसबाट उत्पादित जनशक्तिले स्वदेशमा काम नगरे देश विकास हुन सक्दैन । देश विकासको मेरुदण्ड नै देशको कर्मशील जनशक्ति हो । अबको शिक्षाले देशप्रति उत्तरदायी तथा जिम्मेवार नागरिक तयार गर्नु पर्दछ । जनशक्ति विदेश पलायन हुनबाट रोक्नुपर्दछ । अहिले देशमा प्रविधिमैत्री शिक्षाको आवश्यकता छ । विभिन्न प्रविधिहरु प्रयोग गरेर सरल माध्यमबाट विद्यार्थीहरुलाई शिक्षा दिनु पर्दछ । जस्तै ः कम्प्यूटर, ल्यापटप, स्मार्टवोर्ड आदिको प्रयोग गरी पठनपाठन गराउनु पर्दछ । शिक्षाको माध्यमबाट समुदायमा आधारित परियोजना, खोजअनुसन्धान अध्ययन, नव प्रवर्तनजस्ता सिकाइका तरिकाहरु शिक्षाको माध्यमबाट प्रदानगर्न सक्नुपर्दछ ।

देशको नारा सबैका लागि शिक्षा भन्ने कुराले वर्तमान समयमा त्यति महत्व मानिदैन तर गुणस्तरीय शिक्षाले उक्त कुरालाई प्रार्थामकता प्रदान गर्दछ । शिक्षामा दिगो विकासको लक्ष्य समतामूलक तथा समावेशी गुणस्तरीय शिक्षाको सनिश्चितता तथा जीवनपर्यन्त सिकाइका अवसर लाई प्रवद्र्धन गर्ने अन्तर्राष्ट्रिय प्रतिबद्धता पुरा गर्ने, दिगो विकासको लक्ष्य हासिल गर्ने, विद्यालय क्षेत्रविकास योजना तथा विश्वविद्यालय गुणस्तर प्रत्याबहनलाई कार्यन्वयनलाई शिक्षाको तहमा गुणस्तर सुधारको साधनका रुपमा विकास अपरिहार्य देखिएको छ ।

हामीले आत्मनिर्भर हुने शिक्षाको विकास गर्दै लानुपर्दछ । साथसाथै नैतिक, धार्मिक, सामाजिक र ऐतिहासिक पाठ्यपुस्तकहरु पनि समावेश गरी विद्यार्थीहरुलाई ज्ञान दिनु पर्दछ । भौतिक संरचनाहरुको राम्रो विकास हुनु पर्दछ । अभिभावकहरुले आफ्ना बाबु÷नानी अध्ययन गर्ने विद्यालयको अनुगमन गरी खबरदारी गर्नुपर्दछ । दक्ष शिक्षक÷शिक्षिकाको व्यवस्था गर्नुपर्दछ । शिक्षक सेवा आयोगलाई राजनीतिक हस्तक्षेपबाट टाढा राख्नु पर्दछ ।

पाठ्यक्रम बनाउँदा परिवेश सुहाउँदो, निरन्तर अनुगमन, व्यवस्थित राष्ट्रिय परीक्षा निर्माण तथा संचालनतर्फ ध्यान केन्द्रित गर्नुपर्दछ । हामीले विद्यार्थीहरुलाई आज दिइरहेको शिक्षाले भोलिको दिनहरुमा त्यसले समाज, देशमा कस्तो प्रभाव पार्दछ, त्यसबारे पनि सोच्नुपर्ने अवस्था आइसकेको छ । आजका विद्यार्थी भोलि देशका कर्णधार हुन्, उनीहरु नै समाज परिवर्तनकार हुन् भन्ने हामीले हेक्का राख्नुपर्दछ । यसका लागि सरकारले शिक्षामा लगानी बढाउँदै जानु पदर्छ । सबै विद्यार्थीहरुको कला, क्षमता, शिक्षा लिने तरिका एकै किसिमको हुँदैन, कस्तो खालको विद्यार्थीलाई कस्तो किसिमले शिक्षा दिने हो त्यो विद्यालय र शिक्षकहरुले समयमै पहिचान गरेर निकासा दिने कार्य गर्नुपर्दछ । यसका कार्यको लागि सरकारी तथा गैरसरकारी संस्थाहरुले विभिन्न गोष्ठी, विद्युतीय उपकरण आदीका माध्यमबाट शिक्षकहरुलाई पूर्णरुमा सक्षम बनाउनु पर्दछ । विषयगत शिक्षकहरु आफ्नो विषयमा दख्खल हुनु आजको आवश्यकता रहेको छ । पठनपाठनको लागि विद्यार्थीहलाई सरल किसिमको वातावरण तयार गर्नुपर्दछ । अभिभावकहरुले शिक्षामा गरेको लगानी सही सदुपयोग भएको छ की छैन त्यसतर्फ पनि ध्यान दिनु पर्दछ । विद्यालयमा पठनपाठन शैली, पाठ्यपुस्तक र भाषाको माध्यममा एकरुपता रहेको पाइदैन । स्थानीय तहले समेत विद्यार्थीहरुलाई अनावश्यक पुस्तक अध्ययन गर्न लगाइरहेका हुन्छन् । नीति निर्माण तहमा धेरै समस्याहरु देखिएका छन् । अनुगमन, निरीक्षण र नियमनको अभाव रहेका पाइन्छ । शिक्षकहरुलाई विभिन्न खालका मानसिक दवाव आइरहेको हुन्छन् । दवावमा कसैले पनि राम्रो काम गर्न सक्दैनन् ।

शैक्षिक संस्थाहरुलाई सामुदायिक र संस्थागत रुपमा विभाजन गरी सञ्चालन गरिरहेको पाइन्छ । साथै सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित विद्यालयहरु पनि नेपाल सरकारको निमयकानुनभित्र रहेर सञ्चालन भइरहेको पाइन्छ । विद्यालय अनुगमनमा सरकारी निकायको सोचेजस्तो ध्यान गएको पाइदैँन । परीक्षा प्रणाली समेत समावेशी नभएको पाइन्छ । विद्यालयहरुले कक्षा १० र १२ को पाठ्यपुस्तकलाई बढी ध्यान केन्द्रित गरी विद्यार्थीहरुलाई पठनपाठन गरेको पाइन्छ । अन्य कक्षाहरुका विद्यार्थीहरुलाई अनुत्तीर्ण गरेको पाइदैँन । आफु परीक्षामा अनुत्तीर्ण नहुने भएपछि विद्यार्थीहरु आफ्नो पढाइमा भन्दा अन्य कुराहरुमा बढी ध्यान दिएको पाइन्छ । विद्यार्थीहरुले आफुले पालना गर्नुपर्ने कत्र्यव्य समेत पालना गरेको पाईदैन । अनुशासन र समयको महत्वलाई ध्यान दिइरहेको पाइदैन । विद्यार्थीहरुलाई शिक्षाको बारेमा चेतना भएको पाइदैंन । उनीहरुको विद्यालय पछिको उच्च शिक्षाको गन्तव्य नै विदेश रहेको पाइन्छ । देशमा भएका अब्बल विश्वविद्यालय र कलेज÷क्याम्पसहरुले चाहेजति विद्यार्थीहरु भर्ना गराउन सकिरहेका छैनन् । भर्ना भएका विद्यार्थीहरु पनि नियमित अध्ययन गर्नका लागि उपस्थित भइरहेका हुँदैनन् ।

जीवनमा सफलता प्राप्त गर्नका लागि शिक्षा महत्वपूर्ण छ । यो हामी सबैको अधिकारको कुरा हो । शिक्षा लिनको लागि कुनै उमेरले सीमा हुँदैन । जस्तोसुकै कठिन परिस्थितिमा समेत शिक्षाले जीवन मजबुत बनाउँछ । शिक्षा जीवन बाँच्नका लागि पनि हो । शिक्षा विना संसारमा केही पनि सम्भव छैन । शिक्षाले हामीलाई सधैंभरि खुशीसाथ जिउन सिकाउँछ । शिक्षाले मानिसलाई मानसिक तथा सामाजिक रुपमा जागरुक बनाउँछ । समाजमा सम्मान बढाउने कार्य गर्दछ ।

# ‘अन्तर्राष्ट्रिय बजारमा नेपाली चलचित्र’

रङ्ग पत्रकारिता हुँदै चलचित्र निर्देशक बनेका नवीन सुब्बा पहिलो चलचित्र ‘खाङ्ग्री’मार्फत नै चर्चामा आए । शेर्पा भाषामा तयार भएको उक्त चलचित्रमा हिमाली संस्कृति र कथा देखाइएको थियो भने यो पहिलो पटक अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा पुग्ने निजी लगानीको चलचित्र थियो । ट्रेन्टो अन्तर्राष्ट्रिय पर्वतीय चलचित्र महोत्सवलगायतमा सहभागिता जनाउन सफल हुनुभएका निर्देशक सुब्बाको दोस्रो चलचित्र ‘नुमाफुङ’ फुकुओका, गोटेवर्ग, सन्फ्रान्सिस्कोलगायतका अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा छनोट भएका थिए । पछिल्लो समय नेपाल मौलिक कथा भन्नेमा अगाडि रहेको निर्देशक सुब्बाले बताए । ‘हामीले निर्माण गरेका चलचित्र अहिले विभिन्न अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा सहभागी भइरहेका छन् । हामी मौलिक कथा भन्ने सन्दर्भमा छिमेकीमुलुक भारतभन्दा अगाडि छौँ किनकी उनीहरूको चलचित्र नपुगिरहेको अन्तर्राष्ट्रिय महोत्सवमा हाम्रो चलचित्र छनोट भइरहेका छन्’, निर्देशक सुब्बाले भने । उनले निर्देशन गरेका चौथो चलचित्र ‘गाउँ आएको बाटो’ जेठ २५ गते प्रदर्शन हुँदैछ । त्यसअगाडि विश्वप्रसिद्ध टोरन्टो अन्तर्राष्ट्रिय चलचित्र महोत्सवको ४८औँ संस्करणमा छनोट भई प्रथम प्रदर्शनी (वल्ड प्रिमियर) गरिएको चलचित्र दक्षिण कोरियाको बुसान अन्तर्राष्ट्रिय चलचित्र महोत्सव, भारतको मुम्बई चलचित्र महोत्सव, बेइजिङ अन्तर्राष्ट्रिय चलचित्र महोत्सवलगायतमा छनोट भइसकेको छ । अन्तर्राष्ट्रिय महोत्सवमा हुने सहभागिताले नेपाली कला र संस्कृतिलाई प्रवद्र्धन गर्नुका साथै पर्यटन प्रवर्द्धमा समेत टेवा पु¥याउने उनको विश्लेषण छ । ‘हामीले चलचित्रमार्फत दिइरहेको सन्देश र देखाइरहेको दृश्यले अरुलाई सहजै प्रभावित पार्न सक्छौँ । विश्वका ठूला चलचित्र उद्योग अहिले प्रविधिको सहायताले अगाडि बढिरहँदा हामीले आफ्नो मौलिकता प्रस्तुत गर्न सके त्यो सबैका लागि नयाँ र भिन्न हुनेछ’, निर्देशक सुब्बाले भने । यद्दपि उहाँ चलचित्र विदेशी र स्वदेशी दुवै बजारका लागि सुहाउँदो हुनुपर्नेमा स्पष्ट छन् । विदेशी महोत्सवमा पुगेर वा स्वदेशमा व्यापारिक सफलतामात्र आर्जन गरेर चलचित्रको विकास नहुने उनको बुझाइ छ । ‘अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा नपुग्दासम्म हाम्रोबारेमा विदेशी चलचित्रकर्मीलाई धेरै ज्ञान हुँदैन । त्यहाँ हुने प्रदर्शनी, प्राप्त गर्ने पुरस्कारले हाम्रो निर्माण क्षमता र कथाबारे उनीहरूलाई अवगत गराउँछ । त्यस्तै, घरेलु बजारमा राम्रा चलचित्र बनाउने दबाब पनि बढ्छ । त्यसकारण दुवैलाई ध्यानमा राख्दै चलचित्र बन्नुपर्छ’, निर्देशक सुब्बाले भने । उनले पछिल्लो चलचित्र ‘गाउँ आएको बाटो’ मा राई जातिको सामाजिक पृष्ठभूमिमा पूर्वी नेपालको हिमाली क्षेत्रमा बाँसको चोयाबाट डोकोडालो बनाएर जीविकोपार्जन गरिरहेको एक परिवारको कथा बुनेका छन् ।




त्यसमा गाउँमा मोटरबाटो भित्रिएसँगै आएको आधुनिक परिवर्तनले ल्याउने उतारचढावलाई प्रस्तुत गरिएको छ । उनका अनुसार गाउँमा सडक आएपछि बाबुछोराका सम्बन्धमा आउने उतारचढावको केन्द्रमा चलचित्र निर्माण कथावस्तु बुनिएको छ । उनले भने, ‘यो बुबाछोराको सम्बन्धलाई नियाल्ने प्रयास हो । यो कथा पढेपछि मैले मेरो बाल्यकाल र बुबासँगको सामिप्यतालाई महसुस गरेको थिएँ ।’ महोत्सवमा सहभागी भएको चलचित्र भन्नेवित्तिकै मनोरञ्जन नहुने भन्ने किसिमको भाष्य सही नभएको उनको भनाइ छ । किनकि चलचित्रको विधा र प्रस्तुतिकरणअनुसार मनोरञ्जन, समवेदना र हास्यरस हुने उनले बताए । ‘अन्तर्राष्ट्रिय महोत्सवमा पुगेका चलचित्र हेर्न बढी दिमाग प्रयोग गर्नुपर्छ भन्ने भाष्य गलत छ । किनकि कालोपोथी होस् वा ऐना झ्यालको पुतली निकै मनोरञ्जनात्मक छ तर यसको प्रस्तुतिकरण नियमितभन्दा पक्कै फरक छ । यसकारण यो चलचित्रकर्मीको रोजाइमा परेको हो’, निर्देशक सुब्बाले भने । उनले बुवा–छोराको कथाले चलचित्र भवनमा रहेका दर्शकलाई पर्दाभित्रका कलाकारसँग जोड्ने विश्वास व्यक्त गरे । गाउँमा बाटोले विकाससँगै के–के ल्याएको छ भन्ने तथ्यलाई एउटा परिवारमार्फत देखाइएको उनले बताए । ‘कहिलेकाहीँ गाउँ आउने बाटोले गाउँलाई सहरसँग जोड्छ वा सहरमा तान्छ । बसाइसराइ, आधुनिकतासँगै गाउँ नै रित्तो पनि बनाउने गरेको छ । हामीले यस्तै विषयलाई एउटा परिवारको आँखा वा भोगाइबाट व्यक्त गरेका छौँ । यो हाम्रो ग्रामीण भेगको कथा हो’, निर्देशक सुब्बाले भने । ‘गाउँ आएको बाटो’ मा दयाहाङ राई, पशुपति राई, प्रसन राई, केशव राई, सुमित्रा राई, राज थापा, प्रेम सुब्बालगायतले अभिनय गरेका छन् । महेश राई र निर्देशक सुब्बाले लेखेको चलचित्रको छायाङ्कन जोस हेरम, सम्पादन क्वान पुन लिउङ र हेडी लीले सङ्गीत भरेका छन् ।

# ‘नागरिकमैत्री काम भए संघीयताको औचित्य स्थापित हुन्छ’

**रासस**
**चितवन ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले स्थानीय सरकारहरूबाट नागरिकमैत्री कार्यसम्पादन भए मात्रै सङ्घीयताको औचित्य स्थापित हुने बताएका छन् । खैरहनी नगरपालिका चितवनको वार्षिकोत्सवका अवसरमा सोमबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले जनतामा प्रवाह हुने सेवालाई उत्तरदायी बनाउनुपर्नेमा जोड दिए ।
‘स्थानीय सरकारहरूबाट नागरिकमैत्री कार्यसम्पादन र सुशासन कायम भएमा मात्रै सङ्घीयताको औचित्य स्थापित हुनसक्छ’, प्रधानमन्त्री दाहालले भने, ‘त्यसैले स्थानीय जनप्रतिनिधि जिम्मेवार र जनउत्तरदायी हुनुपर्छ ।’
गाउँमा आएका अधिकारलाई व्यवहारमा कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय सरकारको भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले स्थानीय जनप्रतिनिधि, कर्मचारी र सुरक्षा अङ्गको सोच्ने तरिका कस्तो छ भन्ने विषयले सेवाप्रवाहमा अवस्था स्पष्ट हुने बताए । उनले आगामी दिनमा खैरहनी नगरपालिकाले खैरहनीबासीको आवश्यकता र आकाङ्क्षाको सम्बोधन मात्रै नभएर सङ्घीय शासन प्रणालीलाई मजबुत बनाउने गरी कार्यसम्पादन गर्ने विश्वास व्यक्त व्यक्त गरे ।
‘सेवाप्रवाह कति चुस्त र जनउत्तरदायी छ भन्ने कुराले सरकारको छवि आम नागरिकमा स्थापित हुन्छ’ प्रधानमन्त्रीले भने, ‘यसर्थ, राज्यप्रति नागरिकको आत्मीयता र अपनत्वबोधलाई केन्द्रमा राखेर प्रभावकारी काम गर्नुहुनेछ भन्ने मैले विश्वास लिएको छु ।’
सरकारले सुशासन र सामाजिक न्यायका क्षेत्रमा उल्लेख्य कामहरू गरेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले यी प्रयासहरूले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई थप सुदृढ गर्ने विश्वास व्यक्त गरे । तेस्रोपटक सरकारको नेतृत्व सम्हालेको १६ महिनामा सबैभन्दा बढी आफूले सङ्घीयता कार्यान्वयनमा ध्यान दिएको बताउँदै प्रधानमन्त्रीले यस अवधिमा राष्ट्रिय समन्वय परिषद्का दुई वटा बैठकहरू सम्पन्न भई महत्त्वपूर्ण निर्णयहरू गरेको जानकारी दिए । प्राकृतिक साधनस्रोतको संरक्षण र बहुआयमिक परिचालन, ग्रामीण अर्थतन्त्रको सशक्तिकरण, सामाजिक सूचकहरूमा बढोत्तरी लगायतका रणनीतिक महत्वका कामहरूका साथै सेवाप्रवाहका क्षेत्रमा स्थानीय सरकारहरूले महत्त्वपूर्ण काम गर्न सक्ने प्रधानमन्त्रीको भनाइ छ । उनले प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीसमेतको सहीरूपमा लागू गर्दा ग्रामीण अर्थतन्त्रको सवलीकरणसहित राष्ट्रिय अर्थतन्त्र निर्माणमा गुणात्मक योगदान पुग्ने बताए ।
विश्व सम्पदा सूचीमा सूचीकृत चितवन राष्ट्रिय निकुञ्ज सबैका लागि गौरवको विषय भए पनि बेलाबेलामा मानव र वन्यजन्तु बीचको द्वन्द्वले निकुञ्ज वरिपरिका नागरिकको जीउधनको क्षति भएको खबर सुन्दा आफूलाई दुःख लाग्ने बताउँदै प्रधानमन्त्री दाहालले मानव र वन्यजन्तु बीचको द्वन्द्व व्यवस्थापन गर्दै चितवन राष्ट्रिय निकुञ्जबाट यहाँका जनताले अधिकतम लाभ लिने वातावरण सिर्जना गर्न वन ऐनमा संशोधन गरिने जानकारी गराए । ‘वर्षायाममा डुवान तथा कटानको समस्याले खैरहनीलगायत पूर्वी चितवनमा वर्षेनी जनधनको क्षति हुने गरेको छ’, प्रधानमन्त्रीले भने, ‘राप्ती खोला, कयर खोला, ढुङ्ग्रे खोला लगायतका खोलामा तटबन्ध गरी नगरबासीको सुरक्षाका लागि सरकारले स्थानीय तहहरूसँग समन्वय गरी कार्य सम्पादन गर्नेछ ।’ जनताको सेवाको निम्ति, यहाँको विकास र समृद्धिको यात्रा अघि बढाउनका निम्ति नगरपालिकाले अथक प्रयास गरेको विषयमा आफू जानकार रहेको बताउँदै उनले पूर्वी चितवन र पश्चिम चितवनको बीचमा बिभेद हुन नदिने उल्लेख गरे ।
पूर्वी चितवन लोकतान्त्रिक र वामपन्थी आन्दोलनको उर्वर भूमि रहेको उनको भनाइ थियो ।
उनले भने, ‘पूर्वी चितवनले राज्य र सरकारका तर्फबाट उचित महत्व पायो कि पाएन भन्ने प्रश्न आम जनतामा उठ्ने गरेको छ । यसबारे मैले महसुस पनि गरेको छु ।’ सरकार आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रम र बजेटको अन्तिम तयारीमा रहेको र यसमा पूर्वी चितवनको समस्यालाई सम्बोधनको प्रयास गरिने उनको भनाइ थियो । उनले यहाँका जनताको समस्या समाधान आगामी आवको बजेटमार्फत हुने उल्लेख गरे । उनले भने, ‘पूर्वी चितवन र खैरहनी नगरपालिकाको विकास र समृद्धिको निम्ति राज्यका तर्फबाट आगामी आवको नीति तथा कार्यक्रम र बजेटमा समेटिने छ ।’
प्रधानमन्त्री दाहालले वन्यजन्तु र मानिसबीचको द्वन्द्व अन्त्य गर्नका लागि पनि सरकारले काम गरिरहेको उल्लेख गरे । उनले भने, ‘उक्त समस्यासँग सम्बन्धित केही कानुन अध्ययादेशबाट संशोधन गरिएका छन् । त्यसले जनावर र मानिसबीचको द्वन्द्व कम गर्न तथा मध्यवर्ती क्षेत्र र राष्ट्रिय निकुञ्जको संरचनाबारे नयाँ ढङ्गले अगाडि बढ्ने बाटो खुलेको छ ।’



# मन्त्रालयको निर्देशनपछि दलीय राजनीति छाड्दै शिक्षक र कर्मचारी




**रासस**
**काठमाडौँ ।**
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक–कर्मचारीलाई दलीय राजनीतिक आबद्धता त्याग्न दिएको निर्देशनको सकारात्मक प्रभाव परेको छ । शिक्षक–कर्मचारीले राजनीतिक दलको सदस्यता लिई जिल्ला तहमा दलको कार्यकारिणी समिति सदस्यसमेत भएको भन्ने गुनासोपछि शिक्षामन्त्री सुमना श्रेष्ठको यही वैशाख ४ गतेको निर्णयबाट मन्त्रालयले शिक्षा तथा मानव स्रोत विकास केन्द्रमार्फत दलीय राजनीतिक आबद्धता त्याग्न निर्देशन दिएको थियो । केन्द्रले राजनीतिक दलको कार्यकारिणी समितिका सदस्य रहेको शिक्षक र कर्मचारीलाई कारबाही गर्न सबै जिल्लास्थित शिक्षा विकास तथा समन्वय इकाइलाई निर्देशन दिएको थियो ।
सामुदायिक विद्यालयमा कार्यरत शिक्षक र कर्मचारीले विभिन्न राजनीतिक दलको सदस्यता लिई कार्यकारिणी समिति र महाधिवेशन प्रतिनिधि भई काम गरेको उजुरी र गुनासो प्राप्त आएपछि मन्त्रालयले विद्यमान कानुनी व्यवस्थाले सो कार्यलाई निषेध गरेकाले कानुनको प्रभावकारी कार्यान्वयनका लागि निर्देशन दिएको हो । शिक्षकहरुले पढाइ हुने समयमा समेत दलीय राजनीतिमा लागेर शैक्षिक गुणस्तर सुधारमा ध्यान नदिएको गुनासो आएपछि मन्त्रालयले कानुनी व्यवस्थालाई पालना गर्न निर्देशन दिएको थियो । साथै शिक्षक सङ्गठनका नेताहरुले आफूहरुको राजनीतिक आस्था हुन पाउने अधिकारलाई वञ्चित नगर्न आग्रह गर्दै आएका थिए ।
शिक्षा ऐन २०२८ (नवौँ संशोधन), राजनीतिक दलसम्बन्धी ऐन, २०७३ र शिक्षा नियमावली २०५९ ले शिक्षकलाई राजनीतिक दलमा आबद्धता हुन नपाइने व्यवस्था गरेको छ । सो सम्बन्धमा पाटन उच्च अदालतले २०७९ जेठ ४ मा उक्त कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न–गराउन सरकारका नाममा परमादेश जारी गरेको थियो ।
नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका महासचिव हंशबहादुर शाहीका अनुसार राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा १४ र दफा ५७, शिक्षा ऐन, २०२८ को दफा १६ (ङ) को उपदफा (५) को खण्ड (छ) मा रहेको कानुनी व्यवस्थाको स्पष्ट उल्लेखसहित जिल्ला तहमा पत्राचार भएपछि दलीय आबद्धतामा रहेका शिक्षकले राजीनामा दिन थालेका छन् । कतिपय शिक्षकले भने सम्बन्धित दललाई भनेर आफ्नो सदस्यतालाई नाम परिवर्तन गरेर अभिलेखीकरण गरिदिन आग्रह गरेको पाइएको छ ।
शिक्षामन्त्री श्रेष्ठ र नेपाल शिक्षक महासङ्घका प्रतिनिधिबीच शनिबार भएको भेटवार्तामा मन्त्रालयको निर्देशन कार्यान्वयनका विषयमा छलफल भएको थियो । शिक्षक नेताहरु बाह्यरुपमा विरोध गरे पनि कानुनी बाध्यताका कारण मन्त्री र मन्त्रालयका अधिकारीका सामू निर्देशन पालनाका पक्षमा रहेको जनाउन विवश छन् । नेपाल शिक्षक महासङ्घका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले शिक्षक कर्मचारीका सेवासुविधा र पेसागत मागमुद्दाको सम्बोधनका लागि आफूहरु निरन्तर लागिरहने उल्लेख गर्दै टे«ड युनियन अधिकार कानुनी अधिकार भएकाले यसबाट भने कसैलाई वञ्चित गर्न नसकिने जिकिर गरे । महासङ्घ विद्यमान कानुनी व्यवस्थाबाटै स्थापित भएकाले मन्त्रालयले निर्देशनले शिक्षक–कर्मचारीका पेसागत संस्थालाई कुनै असर नपर्ने बताए ।
नेपाल शिक्षक सङ्घका महासचिव ज्ञानेन्द्रबहादुर रावलले पनि कानुनमै भएको व्यवस्था कार्यान्वयनका लागि आफूहरु तयार नहुनुपर्ने कारण नभएको भन्दै तर शिक्षामन्त्री वा उच्च कर्मचारीले यसलाई ‘स्टन्ड’ का रुपमा बढी प्रचार गर्न नहुने जनाए । शिक्षामन्त्री श्रेष्ठ र नेपाल शिक्षक महासङ्घका प्रतिनिधिबीच शनिबार भएको भेटवार्तामा उक्त निर्देशनका यही विषयमा छलफल भएको रावलले जानकारी दिए । ‘हामी शिक्षक सक्रिय राजननीमि लाग्न हुँदैन भन्नेमा स्पष्ट छौँ, सङ्घका कुनै पनि सदस्यलाई हामीले सक्रिय राजनीतिमा लाग्न भनेका छैनौँ । कुनै दल विशेषमा व्यक्तिगतरुपमा कोही शिक्षक सदस्य छन् भने त्यसलाई सम्बन्धित दल र शिक्षकले कानुनतः मिलाउनुपर्ने हुन्छ’, शिक्षक नेता रावलले भने, ‘तर शिक्षक र कर्मचारीको राजनीतिक आस्था हुनसक्छ, त्यसलाई भने रोक्न पाइँदैन ।’
नेपाल विद्यालय कर्मचारी परिषद्का अध्यक्ष गङ्गाराम तिवारीले एकाधबाहेक अधिकांश विद्यालय कर्मचारी राजनीतिक दलको सदस्य र कार्यकारिणी सदस्य नरहेको जनाउँदै कानुनी व्यवस्थाको पालनामा शिक्षक पनि सकारात्मक हुनुको विकल्प नभएको बताए ।
शिक्षामन्त्री श्रेष्ठले शिक्षा क्षेत्रमा दलीय राजनीति अन्त्यका लागि निर्ममरुपमा प्रस्तुत हुने बताउँदै आएकी छन् । मन्त्री श्रेष्ठले आफ्नो कार्यकालको एकमहिने अवधिमा भएका सुधारका थालनीबारे जानकारी गत चैत २३ गते सिंहदरबारमा आयोजना गरेको पत्रकार सम्मेलनमा प्राध्यापक, शिक्षक वा कर्मचारीले दलीय राजनीति गरेको प्रमाण भेटिएमा उजुरी दिन आग्रह गर्दै उजुरीलाई कानुनबमोजिम सम्बन्धित निकायमार्फत कारबाही गराइने दृढता व्यक्त गरेकी थिइन् । हाल प्रारम्भिक बाल विकासदेखि कक्षा १२ समम्का स्थायी, अस्थायी, राहत, करारलगायत गरी करिब तीन लाख ५० हजार शिक्षक कार्यरत छन् ।

# ‘सांसद जनताको गुनासो पेटीका हो’

सिरहा जिल्ला शिक्षा, स्वास्थ्य, रोजगार सबै हिसाबले पछि परेको ठाउँ हो । खासगरी यहाँका महिलाको स्थिति अझै दर्दनाक छ । मधेशी दलितको स्थिति उस्तै पीडादायी छ । भोक, गरिबी, अभाव र असुरक्षा लगायत जनताका थुप्रै समस्या छन् ।

**बिनिताकुमारी सिंह**
प्रतिनिधिसभा सदस्य



**रासस**
**काठमाडौँ ।**
राजनीतिमा होमिन आमरुपमा महिलाका लागि त्यति सहज छैन । पछिल्लो लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाले भने राजनीतिमा महिला समावेशीतालाई बाध्यकारी बनाइदिएको छ । फलस्वरुप चाहेर वा नचाहेर घुम्टो पन्छाउँदै घरदेखि सदनसम्म आउन मधेशका महिला तयार छन् । परिवारभित्रको जिम्मेवारी, राजनीतिक शक्तिको सङ्घर्ष र संसदसम्मको भूमिकामा एक महिला कसरी आफूलाई तयार बनाउँछन् ? यसबीचका चुनौतीहरु के कस्ता खेप्नु पर्छ र घरदेखि सदनसम्मको अनुभवमा के फरक छ ? पहिलो पटक प्रतिनिधिसभामा सदस्य निर्वाचित भएकी जनमत पार्टीकी सांसद् बिनिताकुमारी सिंहसँग परिवार र संसदको सङ्घर्ष अनुभव रोचक छ । मधेशको किसान आन्दोलनबाट राजनीतिमा सक्रिय भएकी सिंह सिराह क्षेत्र नं. २ बाट आदिवासी जनजातिको प्रतिनिधित्व गर्दै समानुपातिक सांसदमा चुनिएकी हुन् । सांसद् सिंहले राष्ट्रिय समाचार समितिका समाचारदाता मधु शाहीसँग सदनको अनुभव यसरी राखेकी छन् ।

**राजनीतिमा आउनुअघिको दिनचर्या कस्तो थियो ?**
– राजनीतिमा आउनुअघि घरपरिवार सम्हाल्नमै व्यस्त थिएँ । हामी महिलाले घरपरिवार सम्हाल्नु पर्छ । अनि मात्रै अरु क्षेत्रमा सक्रिय हुनुपर्छ । सबै रोजाइ महिलाले पछि छाड्नुपर्छ । पहिला परिवार नै हेर्नुपर्छ, परिवार नै सम्हाल्नु मुख्य दायित्व हुन्छ ।

**परिवार सम्हाल्दै राजनीति गर्दा के कस्ता चुनौती आउँदा रहेछन् नि ?**
– पहिलो कुरो त मधेसका महिला घुम्टो उठाउँदै अघि बढ्नु पर्ने मुख्य चुनौती छ । म पनि त्यहि माटोकी हुँ । म त्यो घुम्टोबाट अछुतो कसरी हुन सक्छु ? तर, मलाई राजनीतिक चेत छ । त्यसैले परिवारमा मात्रै रुमलिएर हुँदैन, देश र जनताका लागि पनि केही गर्नुपर्छ भन्ने भावना सङ्गालेकी छु । त्यही भावनाले गर्दा नै म घुम्टो खेलेर सदनमा पुग्न सफल भएकी हुँ । मधेशमा अत्यन्त सीमित महिला राजनीतिमा आउने अवसर पाउँछन् । जुन मैले पाएकी छु । यसको श्रेय परिवार र श्रीमानलाई जान्छ ।

**चुनौतीचाहिँ के रहेछन् त ?**
– चुनौती थुप्रै छन् । दुई वर्षअघि प्रतिनिधिसभाको सांसदको शपथ लिँदा मेरो छोरो चार वर्षको थियो । अहिले छ वर्ष पुगेको छ । स्कुल जान्छ । तपाईंले अनुमान पनि लगाउन सक्नुहुन्न मेरो दैनिकीको व्यस्तता कति छ भनेर । बिहान उठेदेखि बेलुकासम्म कामले फुर्सद पाउँदिन । छोरालाई खाना पकाएर खुवाऊ, स्कुल पुर्याऊ, परिवारको सेवा गर अनि फेरि संसदमा जाऊ । राति परिवार मस्त निदाउँछन्, म संसदको विधेयक पढ्न थाल्छु । म संसदको शिक्षा स्वास्थ्य समितिमा पनि सदस्य छु । समितिको दैनिकजसो बैठक हुन्छ । त्यसको लागि अध्ययन गर्नुपर्छ । परिवार र जनताको सेवा एक साथ गर्दै आएकी छु ।

**परिवारको अनुभव त सबै महिलाको सन्दर्भमा लगभग उस्तै हो । संसद्को चाहिँ अनुभव कस्तो हुँदो रहेछ ?**
– दुई वर्ष अघि संसद बैठकमा पहिलो पटक पस्दा रमाइलो लाग्यो । तर, पछि बुझ्दै गएँ यहाँ रमाइलो होइन, गम्भीर हुनुपर्दो रहेछ । जनताप्रति जिम्मवार हुने क्षेत्र रहेछ । जनताकै लागि बोल्ने थलोमा पुगेकी रहेछु । संसदको दोस्रो वर्ष मात्रै यहाँको भाव बुझ्न थालेँ र मैले खासगरी जहाँबाट निर्वाचित भएकी थिएँ त्यहाँका जनतासँग भेट्न थालेँ । उहाँहरुको समस्या सुनेर, देखेर, बुझेर संसदको बैठकमा उठाउँदै आएकी छु ।

**कस्ता समस्या राख्दा रहेछन् जनता ?**
– सिरहा जिल्ला शिक्षा, स्वास्थ्य, रोजगार सबै हिसाबले पछि परेको ठाउँ हो । खासगरी यहाँका महिलाको स्थिति अझै दर्दनाक छ । मधेशी दलितको स्थिति उस्तै पीडादायी छ । भोक, गरिबी, अभाव र असुरक्षा लगायत जनताका थुप्रै समस्या छन् । म एउटा सांसदले उहाँहरुको कुरा धैर्यपूर्वक सुनिदिए मात्रै पनि धेरै राहत मिल्छ जस्तो लाग्छ । त्यसैले म गाउँमै जान्छु र उहाँहरुको कुरा सुन्छु । म महिला सांसद् भएर पनि होला, धेरै गुनासो महिला दिदीबहिनीले मसँग खुलेर गर्नुहुन्छ ।

**सिरहाका महिलाका कस्ता गुनासा छन् नि ?**
– सिरहाका महिलाहरुका गुनासा थुपै्र छन् । अति सूक्ष्म र महत्वपूर्ण छन् । त्यहाँका महिलाहरु पछिल्लो समय आत्मनिर्भर बन्न चाहनुहुन्छ । आफ्नै खुट्टामा उभिन चाहनुहुन्छ । त्यही अपेक्षाले होला सायद, कपडा सिलाउने मेसिन, धुप बनाउने सामग्री, व्यापार गर्ने लगानी दिनु पर्यो सांसद् ज्यु भन्दै अनुरोध गर्नुहुन्छ ।

**अनि तपाईंले पूरा गर्नु भएको छ त उनीहरुका माग ?**
– यो प्रश्न तपाईंले गर्नुभन्दा पहिला मैले म आफैँलाई धेरै पटक सोध्ने गरेकी छु । के साँच्चिकै मैले मेरा मतदाताको समस्या सम्बोधन गर्न सकेकी छु त ? उत्तर पनि आफैंले पाउँछु, ‘छैन’ ।

**थुप्रै नेताले जनताको माग पूरा गरेकै छौँ भनेर ठोकुवा गर्छन् । तपाईंले त गरेको छैन भन्नुभयो नि ।**
– म झुटो बोल्न सक्दिनँ । मैले जे गरेकी छु, त्यो गरेकी छु भन्छु । जे गरेको छैन छैन नै भन्छु । मेरा जनतालाई मैले वास्तवमै केही गर्न सकेको छैन । प्रयास भने निरन्तर गरिरहेको छु । नतिजा आउने प्रतीक्षामा छु । तर, सांसद एक्लैले मात्रै जनताको आवश्यकता पुरा गर्न सक्दैन । हामी जनताको कुरा सदनमा पुर्याउँछौँ । सरकारले सुन्दैन, कसरी माग पूरा हुन्छ ?

**सांसद्को कुरा सरकारले सुन्दैन ?**
– सुन्छ मात्रै संबोधन हुँदैन । यो मेरो नितान्त व्यक्तिगत अनुभव हो । अरुसँग मेल नखान सक्छ । मधेश जस्तो पिछडिएको क्षेत्रको प्रतिनिधित्व गर्ने महिला हुँ । मैले धेरै पटक सदनमा मधेशका जनताको आवाज उठाएको छु । चाहे त्यो मधेशको शिक्षाको क्षेत्रमा होस्, चाहे स्वास्थ्य तथा रोगारको क्षेत्रमा होस् । विशेषगरी सिरहामा स्नातक तहको इन्जिनियर विश्वविद्यालय खोल्नुपर्ने मेरो जोडदार माग रहेको छ । किनकी यहाँका अधिकांश युवा पढ्नकै लागि भारत पुग्छन् । साथै पुल, सडकजस्ता पूर्वाधार निर्माणका कुरा उठाएको छु । सिरहामा चिस्यानकेन्द्र जरुरी छ, त्यो पनि अर्को महत्वपूर्ण विषय हो ।

**तपाईं आफैँले भन्नुभयो, जनतालाई सहयोग गर्न पाइनँ भनेर । के ले रोक्यो सहयोग गर्न ?**
– सबैभन्दा ठुलो अवरोध भनेकै आर्थिक रहेछ । सांसद् जनतासँग प्रत्यक्ष ठोक्किन्छन् । एका अर्थले सांसद जनताको गुनासो पेटीका हो । केही सहयोग गरिहाल्यौं भन्यो भने आफूसँग बजेट छैन । मैले धेरै पटक रकम (फन्ड) जुटाउनका लागि अर्थ मन्त्रालय, गृह मन्त्रालय, महिला मन्त्रालय लगायत विभिन्न मन्त्रालय धाएको छु । सबैबाट एउटै उत्तर आउँछ, ‘माननीयज्यू, सहयोग गर्न त हुन्थ्यो । के गर्ने बजेटै छैन ।’ अहिले त सदनमा जनताको पीडा थाँती राखेर सत्ताको लडाईं मात्रै भइरहेको देख्छु ।

# अर्थमन्त्री पुनद्वारा साझेदारहरुसँग छलफल

**रासस**
**काठमाडौँ ।**
अर्थमन्त्री वर्षमान पुनले आगामी आर्थिक वर्ष २०८१÷८२ को बजेट निर्माणका सम्बन्धमा अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाका प्रमुख तथा प्रतिनिधिसँग छलफल गरेका छन् । सोमबार अर्थ मन्त्रालयमा भएको छलफलमा विश्व बैङ्क, एसियाली विकास बैङ्क (एडिबी), अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) र अन्तर्राष्ट्रिय वित्त निगम (आइएफसी) लगायत बहुपक्षीय विकास साझेदार तथा अन्तर्राष्ट्रिय विकास नियोगहरु स्विट्जरल्याण्ड, डेनिश, फिनल्यान्ड, दक्षिण कोरिया, जापान, बेलायत र युरोपियन युनियनका आवासीय राजदूत तथा ती देशसम्बद्ध द्विपक्षीय विकास साझेदार संस्थाका प्रमुख र प्रतिनिधिहरुको उपस्थिति रहेको अर्थमन्त्री पुनको सचिवालयले जनाएको छ ।
छलफलका क्रममा अर्थमन्त्री पुनले आगामी आर्थिक वर्षको बजेटका प्राथमिकता र सिद्धान्तलगायत विषयमा धारणा राखेका थिए । अर्थमन्त्री पुनले नेपालको विकासका लागि प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) भित्र्याउन तथा निजी क्षेत्रका लागि अनुकूल लगानीयोग्य वातावरण बनाउन सरकार प्रतिबद्ध रहेको बताए । सरकारले निर्धारण गरेका विकास लक्ष्य हासिल गर्न आन्तरिक स्रोत परिचालन मात्र पर्याप्त नभएकाले वैदेशिक लगानी वा सहायतामा जोड दिनुपर्ने अवस्थामा नेपाल रहेको अर्थमन्त्री पुनको भनाइ थियो । सरकार विकासका लाभहरु सबै जनतामा पुग्ने गरी समावेशी, समतामूलक र दिगो विकासको पक्षमा रहेको पनि अर्थमन्त्री पुनले उल्लेख गरे । 'सरकार समावेशी, समतामूलक र दिगो आर्थिक विकासमा केन्द्रित छ । नेपाली जनताको जीवन र जीविकोपार्जनमा परिवर्तन ल्याउन तथा विकासका लाभ सबैले बराबर उपभोग गर्न पाउनुपर्छ भन्ने मान्यतामा हामी अघि बढेका छौँ' उनले भने ।
नेपालले सन् २०२६ सम्ममा अल्पविकसित मुलुकबाट विकासशील मुलुक (एलडिसी ग्राजुएसन), २०३० सम्ममा दिगो विकास लक्ष्य (एसडिजी), २०३५ सम्ममा हरित, उत्थानशील र समावेशी विकास (ग्रिड) र नेपाली अर्थतन्त्रका सबै क्षेत्रलाई कार्बनरहित बनाउने उद्देश्यसहितको राष्ट्रिय जलवायु योजना (एनडिसी) लक्ष्य प्राप्तिका लागि आवश्यक रणनीति निर्धारण गरी काम अघि बढाइएको अर्थमन्त्री पुनले बताए ।
ती उद्देश्य हासिल गर्न ठूलो लगानी चाहिने उनले पनि अर्थमन्त्री पुनको भनाइ छ । 'यी महत्वाकाङ्क्षी विकास लक्ष्य हासिल गर्न हामीलाई ठूलो लगानी चाहिन्छ । त्यसका लागि सरकारी स्रोत मात्र पर्याप्त नभएका कारण हामी विकास साझेदारहरुसँग यी मुद्दाहरुमा हातेमालो गर्न चाहन्छौँ' अर्थमन्त्री पुनले भने ।

# 'बजेटमार्फत रोजगारी सिर्जना गर्ने विशेष कार्यक्रम'

**रासस**
**चितवन ।**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आगामी आर्थिक वर्ष २०८१÷८२ को नीति तथा कार्यक्रम र बजेटमार्फत उत्पादन वृद्धि तथा रोजगारी सिर्जना गर्ने विशेष कार्यक्रम घोषणा गरिने बताएका छन् । नारायणी नदीमाथि निर्माण हुने 'सिग्नेचर ब्रिज'को सोमबार शिलान्यास गर्दै प्रधानमन्त्री दाहालले रोजगारी र उत्पादनसँग सम्बन्धित भएर एकीकृत आयोजना सञ्चालन गर्ने तयारीका साथ सरकार अगाडि बढेको बताए । 'पूर्वाधार विकाससँगै ग्रामीण अर्थतन्त्रको सवलीकरण, उत्पादकत्व वृद्धि र रोजगारी सिर्जनासँग सम्बन्धित भएर एकीकृत ढाँचाको परियोजना सञ्चालन गर्नु आजको राष्ट्रिय आवश्यकता हो' प्रधानमन्त्री दाहालले भने, 'यही यथार्थलाई दृष्टिगत गरी सरकारले आगामी वर्षको नीति तथा कार्यक्रम र बजेटमा उत्पादन र रोजगारीसम्बन्धी विशेष कार्यक्रम घोषणा गर्ने तयारी गरेको छ ।'
सूचना प्रविधिको विकाससँगै विकासको परिभाषा, आवश्यकता र प्राथमिकतामा फेरबदल आएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले देशव्यापीरूपमा सडक सञ्जालको विस्तार भएसँगै आगामी दिनमा गुणस्तरता एवं दिगोपनलाई विशेष प्राथमिकता दिने बताए । यातायात सेवालाई सहज तुल्याउने गरी काम गर्नुपर्नेमा जोड दिँदै प्रधानमन्त्रीले सडक दुर्घटना न्यूनीकरणका निम्ति पूर्वाधार, सवारीसाधन र ट्राफिक प्रणालीमा सुधारलगायतका क्षेत्रमा ध्यान दिनुपर्ने बताए ।
प्रधानमन्त्री दाहालले यातायात पूर्वाधारले बहुराष्ट्रिय कम्पनीबाट उत्पादित वस्तुहरू दूरदराजमा पु¥याउने तर दूरदराजको उत्पादन प्रणाली कमजोर भई ग्रामीण अर्थतन्त्र शिथिल हुने चुनौतीलाई समेत सम्बोधन गर्नुपर्ने दायित्व रहेको उल्लेख गरे । 'देशभित्रै सम्भव छ, गरे सकिन्छ' उनले भने ।
प्रधानमन्त्री दाहालले तुलनात्मक अध्ययन नै नगरी देशमा केही हुँदैन भन्ने नकारात्मक भाष्य सिर्जना गर्नु गलत भएको बताए । 'विकासक्रमलाई गणतन्त्रअघि र गणतन्त्रपछिको अवस्थासँग तुलना नगर्ने तर अति विकसित र विकसित मुलुकसँग तुलना गरेर 'नेपालमा केही भएन' भन्ने नकारात्मक भाष्य निर्माण गर्न खोजिएको छ' उनले भने, 'नेपालको पछिल्लो विकासलाई ठीक ढङ्गले अध्ययन र विश्लेषणका आधारमा 'देशभित्र सम्भव छ', 'गरे सकिन्छ' भन्ने सकारात्मक चिन्तन र ऊर्जाको विकास गर्न जरूरी छ ।'
पछिल्लो राजनीतिक परिवर्तनपछि नेपालमा सडक सञ्जालको विस्तार चमत्कारिक हिसाबले अगाडि बढेको उल्लेख गर्दै प्रधानमन्त्रीले ९० प्रतिशतभन्दा बढी सडक प्रयोगकर्ताहरू आफ्नो बासस्थानबाट एक घण्टाको पैदल यात्रामा पुग्नसक्ने अवस्था सिर्जना भएको बताए । 'राजतन्त्रकालको २५० वर्ष र गणतन्त्रकालको दुई दशकको तुलनात्मक अध्ययन गर्ने जो–कोहीले भन्न सक्छ–२५० वर्षमा भन्दा कैयौँ गुणा बढी विकास पछिल्लो दुई दशकमा भएको छ', प्रधानमन्त्री दाहालले भने, 'सडक पूर्वाधार, शिक्षा, स्वास्थ्य, सञ्चार, खानेपानी, विद्युत्जस्ता भौतिक पूर्वाधारको विकास एवं सामाजिक सुरक्षा, सेवा प्रवाह, सेवाको सरलीकरण र प्रभावकारितालगायतका मानवीय विकासका क्षेत्रमा समेत नेपालले राम्रो प्रगति गरिरहेको छ ।' सडक विभागले नेपाल सरकारको अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजनाका आधारमा सडक पूर्वाधारमा सकारात्मक पहल लिँदै आएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले चालु आर्थिक वर्षमा मात्र एक सय ४९ भन्दा बढी पुल निर्माण गरिसकेको बताए । 'काठमाडौँको नागढुङ्गा सडकको सुरुङमार्गको 'ब्रेकथ्रु' भएको छ, त्यसैगरी बहुउद्देश्यीय मरिन डाइभर्सन परियोजनाको पनि भर्खरैमात्र 'ब्रेक थ्रु' गरिएको छ' उनले भने, 'यसले देश सुरुङयुगमा प्रवेश गरेको राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सन्देश दिनुका साथै सन् २०२६ सम्म नेपाल विकासशील मुलुकमा फड्को हान्ने लक्ष्यमा सकारात्मक योगदान पु¥याएको छ ।' अहिले सडक विभागअन्तर्गत काठमाडौँको ग्वार्कोमा 'फ्लाइओभर'को निर्माणकार्य भइरहेको र पृथ्वी राजमार्गको मादी, सेती नदी लगायतका नदीहरूमाथि 'सिग्नेचर' पुलहरू निर्माण भइरहेका प्रधानमन्त्री दाहालको भनाइ छ ।
पूर्वपश्चिम राजमार्गको मध्यभागका रहेको भरतपुर महानगरपालिका र गैँडाकोट नगरपालिका जोड्ने 'सिग्नेचर ब्रिज' निर्माण भएपछि राजमार्गको सवारी चाप व्यवस्थित हुने प्रधानमन्त्री दाहालले विश्वास व्यक्त गरे । 'सवारी चाप सम्बोधन हुनेछ, यसले सवारी समयको बचत हुनेछ ।
सबैभन्दा महत्वपूर्ण यसको निर्माणसँगै सडकको 'कार्यक्षमता' वृद्धि हुनेछ' उनले भने, 'यस परियोजनाको सम्बन्ध सडक पूर्वाधार र यातायातसँग मात्र सम्बन्धित नभएर पर्यटन प्रवद्र्धन, स्थानीय अर्थतन्त्रको विकास एवं रोजगारी सिर्जनामा मद्दत पुग्नेछ ।'

# उद्योगमन्त्री भण्डारीसँग चिनियाँ लगानीकर्ताको भेट




**रासस**
**काठमाडौँ ।**
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीसँग चिनियाँ लगानीकर्ताले सोमबार भेट गरेका छन् । मन्त्रालयमा भएको भेटमा मन्त्री भण्डारीले चिनियाँ लगानीकर्तालाई नेपालमा लगानीमैत्री वातावरण रहेकाले उद्योग तथा व्यवसाय खोल्न आग्रह गरे । मन्त्री भण्डारीले भने, 'तपाईंहरु लगानी गर्नुस, सरकार लगानीको वातावरण बनाउन तयार छ, केही कानुनी जटिलता हटाएका छौँ, फेरि पनि कुनै समस्या भए सरकारले सहज वातावरण बनाउँछ ।' नेपालमा लगानी गर्ने उत्साहका साथ आएको चिनियाँ उद्योगी तथा व्यवसायीको टोलीसँग उहाँले चिनियाँ पुँजी र प्रविधि भित्र्याउन सरकार आतुर रहेको बताए ।
'लगानी गर्ने मनसायले नेपाल आउनुभएको छ, सरकारका तर्फबाट धन्यवादसहित म हार्दिक स्वागत गर्छु, प्रस्ताव ल्याउनुस् छलफल गर्छौं, अनुकुल वातावरण मिलाउँछौं, ढुक्कले लगानी गर्नुस्, प्रतिफल तपाईंहरुले राम्रै पाउनुहुन्छ ।' नेपालमा विदेशी लगानीको वातावरण बन्दै गएको उल्लेख गर्दै मन्त्री भण्डारीले नेपाल र चीनबीचको सम्बन्ध थप उचाइमा पुग्ने विश्वास गरे । उनले भने, 'तपाईंहरु लगानी गर्ने मनसायले आउनुभएको छ, यसले हामीलाई पनि उत्साहित बनाएको छ, लगानी भित्रिएपछि झन उत्साहित बनाउँछ, चाँडै लगानीको पर्खाइमा हामी छौँ ।'
सो क्रममा वाणिज्य सचिव दिनेशकुमार घिमिरेले नेपाल र चीनबीच सदियौँदेखिको व्यापार सम्बन्ध रहेको उल्लेख गर्दै नेपालमा लगानी गर्ने मनसायले आएकामा चिनियाँ टोलीसँग खुसी व्यक्त गरे । उनले भने, 'सरकारले नेपालमा लगानीका लागि नीतिगत सुधार गर्दै लगेको छ, नेपालमा खानी, ऊर्जा, पर्यटनलगायतका क्षेत्रमा लगानीको प्रशस्त सम्भावना छ, लगानीको सम्भावना सुनिश्चित छ ।' चिनियाँ टोलीमा चीनका कृषि, ऊर्जा, पर्यटन, खानी, निर्माणसम्बन्धी कम्पनीलगायतका उद्योगी तथा व्यवसायी सहभागी थिए ।

# केजरीवाललाई मुख्यमन्त्री पदबाट हटाउन माग अदालतद्वारा खारेज

**एएनआई**
**नयाँदिल्ली ।**

सर्वोच्च अदालतले सोमबार दिल्लीको उत्पादन शुल्क नीतिसँग सम्बन्धित मनी लान्ड्रिङ मामिलामा प्रवर्तन निर्देशालय (इडी) ले पक्राउ गरेको कारण अरविन्द केजरीवाललाई दिल्लीको मुख्यमन्त्रीको पदबाट हटाउन माग गरिएको अपिल खारेज गरेको छ ।
न्यायाधीशद्वय सञ्जीव खन्ना र दीपङ्कर दत्ताको संयुक्त इजलासले यस्ता मुद्दामा जान नसकिने र यो दिल्लीका लेफ्टिनेन्ट गभर्नरले हेर्ने विषय भएको बताएको छ । इजलासले भनेको छ, 'यो सबैमा हामी कसरी जाने ? लेफ्टिनेन्ट गभर्नरलाई कारवाही गर्न दिनुहोस्, कुनै कानूनी अधिकार छैन ।'
गत हप्ता इजलासले जुन १ मा दिल्लीमा हुने आगामी लोकसभा चुनावलाई ध्यानमा राख्दै केजरीवाललाई अन्तरिम जमानत प्रदान गरेको थियो । तथापि इजलासले केजरीवालले मुख्यमन्त्रीका रूपमा काम गर्न नसक्ने जनाउँदै कुनै पनि आधिकारिक फाइलमा हस्ताक्षर गर्न वा मुख्यमन्त्रीको कार्यालय प्रयोग गर्न नसक्ने बताएको थियो । यसअघि दिल्ली उच्च अदालतले इडीले पक्राउ गरेपछि अरविन्द केजरीवाललाई दिल्लीको मुख्यमन्त्री पदबाट हटाउन निर्देशन दिन माग गरेको अपिललाई खारेज गरेको थियो । अपिलकर्ताले अदालतलाई राजनीतिक घेरामा तान्ने प्रयास गरिरहेको दिल्ली उच्च अदालतले बताएको थियो ।
आम आदमी पार्टी (आप) का राष्ट्रिय संयोजक तथा दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाललाई सर्वोच्च अदालतले शुक्रबार दिल्लीको उत्पादन शुल्क नीतिसँग सम्बन्धित मनी लन्ड्रिङ मामिलामा जुन १ सम्मका लागि अन्तरिम जमानत प्रदान गरेको छ ।
आम चुनावको समयतालिका घोषणा भएको केही दिनपछि मार्च २१ मा मुद्दाका सम्बन्धमा ईडीद्वारा पक्राउ परेपछि उनले कारागारमा ५० दिनभन्दा बढी बिताएका थिए ।
जमानत जुन १ सम्म लागु हुनेछ । केजरीवालले जुन २ मा अधिकारीहरू समक्ष आत्मसमर्पण गर्नुपर्नेछ । इजलासका अनुसार दिल्लीका मुख्यमन्त्रीले चुनावी अभियानमा भाग लिन सक्नुहुनेछ तर मुख्यमन्त्रीका रूपमा आफ्नो कार्यालयमा उपस्थित हुन सक्ने छैनन् ।
दिल्लीको सात संसदीय निर्वाचन क्षेत्रमा मे २५ मा एकै चरणमा लोकसभा निर्वाचन हुँदैछ । मतगणना जुन ४ मा हुनेछ ।

# विद्यालयमा बम विस्फोट गराउने धम्की

**सिन्ह्वा**
**नयाँ दिल्ली ।**
पश्चिमी भारतको जयपुर सहरमा कम्तीमा चार विद्यालयमा सोमबार बमको धम्की आएको छ । धम्कीपछि विद्यालय प्रशासनले विद्यार्थीहरू बाहिर निकालेको छ भने प्रहरीलाइ बोलाएको छ छ । इमेलमा प्राप्त धम्कीले विद्यालय परिसरमा विस्फोटक पदार्थ राखिएको दाबी गरेको थियो । प्रहरी कारबाहीमा उत्रिएको छ र खोजी गर्न विद्यालयमा धेरै बम डिस्पोजल स्क्वाड र स्निफर कुकुरहरू पठाएको छ । तथापि अहिलेसम्म शङ्कास्पद केही पनि फेला परेको छैन । प्रहरीका अनुसार उक्त धम्की अफवाहजस्तो देखिन्थ्यो । जयपुरका पुलिस कमिश्नर बिजु जर्ज जोसेफले मिडियालाई चारदेखि पाँच विद्यालयमा बमको धम्की आएको जानकारी दिनुभयो ।
प्रहरी विद्यालयहरूमा पुगिसकेको छ । अन्तिम समाचार नआएसम्म विद्यालयमा खोजी कार्य जारी रहेको थियो । इमेल प्रेषकको पहिचान गर्ने प्रयास भइरहेको प्रहरीले जनाएको छ । आइतबार दिल्लीको इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थल र राष्ट्रिय राजधानीका धेरै अस्पतालमा इमेलहरूमा बमको धम्की प्राप्त भएको थियो । यसै महिनाको सुरुमा भारतको राजधानी क्षेत्र दिल्लीका एक सयभन्दा बढी विद्यालयले यस्तै सन्देशहरू प्राप्त गरेका थिए । यसबाट ठूलो त्रास बढेको थियो । सन् २०२३ डिसेम्बरमा दक्षिणी भारतीय सहर बेङ्गलुरूका दर्जनौँ विद्यालयमा बमको धम्की प्राप्त भएको थियो । पछि ती धम्की अफवाह साबित भएको थियो ।

# नेपाल एपिएफ क्लबले बागमती प्रदेशलाई हरायो

**रासस**
**काठमाडौँ ।**

सशस्त्र प्रहरी बलको नेपाल एपिएफ क्लबले बागमती प्रदेशलाई ८ विकेटले हराउँदै ललितपुर मेयर्स कप राष्ट्रिय महिला टी २० क्रिकेट प्रतियोगितामा लगातार दोस्रो जित दर्ता गराएको छ । एपिएफले यसअघि भएको पहिलो खेलमा कोशी प्रदेशलाई २४ रनले पराजित गरेको थियो ।
कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा सोमबार भएको खेलमा बागमतीले दिएको ७४ रनको सामान्य लक्ष्य एपिएफले ११ ओभरमा २ विकेट गुमाउँदै पूरा ग¥यो ।
एपिएफका लागि ममता चौधरीले सर्वाधिक ३५ रन बनाइन् । यसैगरी, इन्दु बर्माले १७, कप्तान सीता रानमगरले ११ र राजमती ऐरीले अविजित १० रन जोडे ।
बागमतीका लागि खुशी डङ्गोलले १ विकेट लिइन् । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको बागमतीले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै ७३ रनको योगफल बनाएको थियो । बागमतीका लागि हेनिशा गुरुङले ३१ र खुशी डङ्गोलले अविजित १४ रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन् । एपिफका लागि करुणा भण्डारीले चार विकेट लिइन् भने सीता रानामगरले दुई विकेट लिइन् । यस जितसँगै एपिएफले २ खेलबाट ४ अङ्क जोडेको छ । दुवै खेलमा पराजित बागमती अङ्कविहीन छ । बागमती पहिलो खेलमा आयोजक ललितपुर मेयर्स ११ सँग ७ विकेटले पराजित भएको थियो ।

# स्वरोजगारको आधार बन्यो 'ब्याण्डबाजा'

**राजेन्द्रप्रसाद पनेरु**
**कञ्चनपुर ।**




कञ्चनपुरको कृष्णपुर नगरपालिका–२ बाणी मुक्तकमैया शिविरका छङ्गा राना लामो समयसम्म बेरोजगारजस्तै थिए । परिवारसँग उब्जनीका लागि पर्याप्त जग्गा छैन, न रोजगारीका लागि अर्को भरपर्दो विकल्प थियो । त्यसैले ज्यालामजदुरी गरेर उनको जीविको चल्यो तर पछिल्लो तीन वर्षयता भने उनको काम बदलिएको छ । त्यसले 'दाम' पनि राम्रै कमाई भइरहेको छ । त्यो काम हो—ब्याण्डबाजा बजाउने । उनीमात्रै होइन सो शिविरका नौजना युवाले एक समूह बनाएर अहिले स्थानीयस्तरमा हुने विवाह र व्रतबन्धमा ब्याण्डबाजा बजाएर जीविको चलाइरहेका छन् । 'स्थानीयस्तरमा विवाह हुने तर ब्याण्डबाजा बजाउने मान्छे नपाएर टाढाटाढाबाट महङ्ग रकम तिरेर बोलाउनुपर्ने अवस्था थियो', रानाले भने, 'त्यो समस्या टार्न हामीले सीप सिक्यौ, पछि स्थानीय युवा मिलेर ब्याण्डबाजा बजाउने काम गरिरहेका छौँ । त्यसबाट राम्रै आम्दानी भइरहेको छ ।' उनका अनुसार सो समूहले एउटा विवाहमा ब्याण्डबाजा बजाएबापत २० हजारदेखि ३० हजार रुपैयाँसम्म ज्याला लिने गरेका छन् । प्रत्येक वर्ष सिजनमा औषतमा २० भन्दा बढी विवाहलगायतका समारोहमा बाजा बजाउने माग आउने गरेको छ । सोही समूहका अर्का सदस्य रामप्रवेश रानाले अहिले ब्याण्डबजा बजाएर जोहो गरेको आम्दानीले परिवारको लालनपालन र बच्चाहरूको पठनपाठनमा निकै सघाउ पुगेको बताए । केही वर्षअघि हातमा सीप भए पनि पर्याप्त बाजा नहुँदा धेरैले आफ्नो समूहलाई काम नदिने गरेकामा स्थानीय तहले बाजा खरिदका लागि सहयोग गरेपछि अहिले भने भ्याइनभ्याइँ भएको उनको भनाइ छ । 'पहिलो थोरै बाजा हुँदा धेरै माग आउँदैनथ्यो । वडा कार्यालयले बाजा उपलब्ध गराएपछि माग पनि बढेको छ र हाम्रो आम्दानी पनि', रानाले भने । ब्याण्डबाजा बजाउने समूहका वीरा रानाले पनि ब्याण्डबाजा बजाउन थालेपछि आफ्नो परिवारका लागि हातमुखजोर्ने समस्या टर्दै गएको बताए । वडा कार्यालयबाट बाजा पाएपछि त काम गर्न सहज हुनुका साथै माग धेरै आउन थालेकाले आम्दानी पनि बढ्न थालेको उनले बताए । 'रानाथारु समुदायमात्रै होइन पहाडीलगायतका गीत बाजामार्फत गाउन जान्ने र बाजागाजा पनि भएकाले अहिले धेरै ठाउँबाट माग आउन थालेको छ । त्यसैले विवाहको समयमा माग धौधौ हुने गरेको छ', वीराले भने । छङ्गा राना बाजाको व्यवस्था गरिदिन वडा कार्यालयलाई माग गरेपछि सुनुवाइ भएकामा निकै खुसी छन् । 'बजाउने सीप भए पनि बाजा थिएनन् । त्यसैले माग पनि आउँथेन', रानाले भने, 'वडा कार्यालयले ५० हजार रुपैयाँमा बाजा खरिद गरिदिएपछि हामी नौजनालाई नै सहज भएको छ ।' वडा अध्यक्ष अर्जुन साउदले मुक्तकमैया युवालाई स्वरोजगार बनाउन आवश्यक रकमको व्यवस्था मिलाई बैण्डबाजा खरिद गरिएको बताए । 'गत वर्ष सालघारी मुक्तकमैया बस्तीका युवाका लागि वडाकै रकम खर्चेर बैण्डबाजा खरिद गर्यौँ' उनले भने, 'यस वर्षको बजेटबाट बाणिका मुक्तकमैया युवाका लागि बैण्डबाजा खरिद गरेका हौँ । यसपछि बंकका युवाको मागअनुसार पञ्चेबाजा उपलब्ध गराउने योजना छ ।' हाल बाणी मुक्तकमैया शिविरका बैण्डबाजा बजाउने युवासँग ट्रम्पट, ओवाउ, ब्रास, सहनाई, तम्बुर, ड्रम, झुनझुनालगायतका बाजा छन् । विवाहको समयमा ब्याण्डबाजा बजाउने युवाहरूले अरु बेला कपाल काट्ने, राजमिस्त्री, किराना पसल, तरकारी खेतीलगायतका काम गरी आम्दानी गर्दै आएका रामनाथ रानाले बताए । 'विवाहको समयमा बाजा बजाएर आउने रकमले घरखर्च चल्ने गरेको छ' उनले भने, 'अन्य व्यवसाय गरी आएको आम्दानी बैंक, समूह र सहकारीमा बचत गर्दै आएका छौँ ।'
बैण्डबाजा बजाउने कार्य भने ति युवाले घरमै अभ्यास गरेर सिकेका हुन । 'सुरूमा अरुले बजाएको देखेर हामीले सिकेको थियौँ, त्यसपछि भारतीय बजारबाट बाजा खरिद गरेर घरमै अभ्यास गर्यौँ । आखिर इच्छाशक्ति भयो भने त हुँदो रहेछ नि !', रामप्रसादले भने । धेरै युवाहरूले काम पाइएन भनेर गुनासो गरिरहेका हुन्छन् । पहिलेदेखि नै बाजा बजाने काम गर्दै आएका कतिपय समुदायका युवाहरूसमेत यो पेशाबाट पलाएन भइरहेका छन् तर यहाँका मुक्तकमैया युवाहरू भने ब्याण्डबाजा बजाएर राम्रो आम्दानी गरिरहेका छन् । यस कार्यको यहाँ निकै प्रशंसा भइरहेको छ ।

# कालीगण्डकीका शालग्राम शिलाको नामाकरण गरिँदै



**मधेशदृष्टि**
**पर्वत ।**

दामोदरकुण्ड र मुक्तिनाथबाट उत्पत्ति भई बग्ने कालीगण्डकी नदी किनारका सबै शालग्राम शिलाको नामाकरण गरिने भएको छ । चोरीनिकासी रोक्ने उद्देश्यले नदीका दुवै किनारमा रहेका शिलाको नामाकरण गर्न लागिएको हो । प्रकृति र पर्यावरण तथा शालग्राम संरक्षण समिति जलजला गाउँपालिकाले म्याग्दीको गलेश्वरधामदेखि पर्वतको धार्मिक एवम् पर्यटकीयस्थल मोदी बेणीधामसम्म रहेका सबैखाले शालग्राम शिलाको नामाकरण गर्न लागिएको जनाएको हो ।
समितिका संयोजक तारा रेग्मी पाध्याले आगामी जेठ ६ गते श्रीकृष्ण मोहिनी एकादशी तिथिको अवसरमा एक दिने शालग्राम महोत्सव आयोजना गरी सबै शिलामा देवी, देवता र भगवानका नामबाट नामाकरण गरिने जानकारी दिए । उनले त्यसदिन प्रत्येक भक्तजनले एक सय आठ शिलामा भगवान नामोच्चरण लेख शिलाङ्कित गरी पुण्य कमाउन पनि अनुरोध गरे । संरक्षण समितिका सचिव हरेमबहादुर खत्रीले कालीगण्डकी नदी र शालग्राम शिलालाई विश्वसम्पदा सूचीमा समावेश गर्न, नदीको स्वच्छता र पवित्रता कायम गरी प्रकृति र पर्यावरणको जगेर्ना गर्न समितिले अभियान थालेको बताए । किनारमा रहेका साना, ठूला, चक्राङ्कित, निष्चक्राङ्कित सबै शिलाको संरक्षणका लागि यो अभियान थालिएको र नामाकरणपछि चोरी, निकासी वा उत्खनन् गरेमा पनि खोजी गर्न सहज हुने उनको भनाइ छ । उनका अनुसार पछिल्लो समय अवैधरूपमा भइरहेको नदी दोहनका कारण शालग्राम शिलाको अस्तित्व संकटमा पर्दै गएको छ । बहुमूल्य र धार्मिकरूपमा महत्वपुर्ण मानिने शालग्राम शिला ढुङ्गा, गिट्टी र चोकरको रूपमा प्रयोग भइरहेको छ । हिन्दू धार्मिक मान्यताअनुसार शालिग्राम पाइने भएकाले कालीगण्डकीलाई पवित्र नदी मानिन्छ । त्यसमा पनि नदी किनारमा ऋषिहरू पुलह, पुलत्स्, कपिल र जडभरतले तपस्यागरी सिद्धीप्राप्त गरेको पौराणिक मान्यता भएकाले यहाँको शिला धार्मिक हिसावले महत्वपूर्ण मानिएको पण्डित लोकनाथ आचार्यको भनाइ छ ।
कालीगण्डकी नदीको निरन्तर जलप्रवाहले पवित्र बनेका शिलाबाट मूर्ति बनाउन र दैनिक घरमा पुजन गर्दा राम्रो हुने विश्वास गरिएको छ ।
शालग्रामलाई हिन्दू धर्मावलम्बीले विष्णुको अवतारका रूपमा समेत पुज्ने गर्दछन् । हरेक घरमा पाँचवटा शालग्राम शिला राखेमा उक्त घर पवित्र मानिन्छ । हिन्दूहरूको पवित्र तीर्थस्थल दामोदरकुण्ड क्षेत्रबाट उत्पत्ति आउने गण्डकी र मुक्तिनाथबाट उत्पत्ति भएको कागखोला कागबेनी भन्ने स्थानमा भेट भएपछि यसलाई कालीगण्डकी भनिएको हो । यो नदीबाट मूर्ति निर्माण तथा शिला पुजनका लागि स्वदेशमा मात्रै होइन विदेशमासमेत शिला लैजानेक्रम बढ्दै गएको छ ।

# पर्यटक तान्दै मोटरबोट

**मधेशदृष्टि**
**काठमाडौँ ।**

नेपालका नदीमा पहिलोपटक 'मोटरबोट' चलेको सायद साढे पाँच दशकअघि हो । सन् १९६८ मा एड्मन्ड हिलारीले हेमिल्टन नामका दुईवटा मोटरबोट कोशी र गण्डकी नदीसम्म ल्याएका थिए । तत्कालीन समयमा यी बोट यातायात तथा ढुवानी प्रयोजनका लागि ल्याइएको थियो । हिलारीले केही समय नेपालका नदीमा ती मोटरबोट चलाएपछि स्वदेश फर्कनुअघि तत्कालीन भरतपुर गाउँ पञ्चायतलाई उपहार दिएका थिए । उपहारमा प्राप्त ती बोटलाई भरतपुर गाउँ पञ्चायतले केही समय विदेशी पाइलट राखेर सञ्चालन ग¥यो पनि । तर पछि मर्मतसम्भारलगायतका समस्याले यी बोट सञ्चालनमा निरन्तरता भएन । केही समयपछि तीनै बोट भाडामा लिएर कोशी नदीमा चलाइयो । त्यसपछि लामो समयसम्म नेपालका नदीमा मोटरबोट खासै चलेनन् । फाट्टफुट्ट भने ढुवानी वा यातायातका रुपमा सञ्चालन भने भएका थिए । पछिल्लो एक दशकयता नेपालका यिनै मोटरबोट पर्यटकीय गतिविधि बढाउने माध्यम बनेका छन् । अहिले कैयौँ नदी तथा जलाशयमा मोटरबोट हुँइकिएको देखिन्छ । पूर्वमा कोशीदेखि पश्चिममा सुर्खेतको बुलबुल तालसम्म मोटरबोट सञ्चालन भइरहेको छ । मोटरबोट सञ्चालनमा आएसँगै ती क्षेत्रमा पर्यटकीय गतिविधि बढेको छ ।
नेपालमा मोटरबोट पर्यटनको सुरुआत गर्ने श्रेय व्यवसायी राजकुमार श्रेष्ठलाई जान्छ । चितवनको ठिमुरामा लभ्ली रिसोर्ट सञ्चालन गरेका उनले नारायणी नदीमा पहिलोपटक मोटरबोट सञ्चालन गरी पर्यटकलाई आकर्षित गरेका थिए । उनले जापानबाट दुई वटा जेट स्की र एउटा जेट बोट ल्याएर नारायणी नदीमा सेवा सुरु गरेका थिए । उनकै सिको गरेर पछि अन्य कम्पनी पनि थपिए । तर पछि यसले पनि निरन्तरता पाउन सकेन ।
सन् २०१६ मा लमजुङका विष्णुबहादुर ढकालले नेपाल सीप एण्ड बोट बिल्डिङ कम्पनी स्थापना गरेपछि भने मोटरबोट पर्यटनले पुनर्जीवन मात्र पाएन देशैभर फैलिएको छ । 'हाम्रो कम्पनीले नेपालमै मोटरबोट उत्पादनका साथै मर्मतसम्भारका लागि प्राविधिक जनशक्ति तयार पारेपछि मोटरबोट सञ्चालन गर्नेहरु बढे', ढकालले भने, 'पछिल्लो समय हामीले जनशक्ति पनि उत्पादन सुरु गरेका छौँ, हाल हाम्रो कम्पनीबाट मोटरबोट उत्पादन गरी सञ्चालन गर्ने कम्पनीहरु बढेका छन् ।' ढकालका अनुसार नेपालमा मोटरबोट पर्यटनको ठूलो सम्भावना छ । नेपालका कैयौँ नदी र जलाशयमा मोटरबोट सञ्चालन गरी पर्यटकीय गतिविधि सञ्चालन गर्न सकिने अवस्था बनेको छ । केही स्थानीय सरकारले त आफूकहाँ भएका नदी र जलाशयमा मोटरबोट सञ्चालनका लागि सहजीकरण गर्दै सो क्षेत्रको पर्यटन गतिविधि बढाएका छन् । भरतपुर महानगरपालिका, बागमती नगरपालिका, आबुखैरेनी गाउँपालिका तथा वीरेन्द्रनगर नगरपालिकाले आफ्नै अग्रसरतामा पर्यटनको प्रबद्र्धनमा मोटरबोट सञ्चालन गरेको उनको भनाइ छ । ढकालका शब्दमा कोशी नदीमा यातायात र ढुवानीका हिसाबले मोटरबोट सञ्चालन राम्रो मानिए पनि नारायणी नदी र मर्याङ्दी जलायशमा मोटरबोट सञ्चालन गरी पर्यटक आकर्षित गर्न राम्रो देखिएको छ । उनका अनुसार भरतपुर महानगरपालिकाले मोटरबोट सञ्चालनका कारण मनोरञ्जन करबाट मात्रै वार्षिक औसत ५० लाख रुपैयाँ सङ्कलन गर्दै आएको छ । यसबाट स्थानीय सरकारको राजस्व समेत बढेको छ ।
'सफा पानी, पर्याप्त लम्बाइ भएकाले मस्र्याङ्दी जलविद्युत् आयोजनाको जलायश मोटरबोट सञ्चालनका लागि राम्रो छ, यस्तोमा मोटरबोट गतिविधि उत्कृष्ट मानिन्छ', उनले भने । त्यसबाहेक नेपालगञ्जको वाटरपार्कमा बोट राइडिङकै कारण भारतीय पर्यटकको संख्या बढेको छ । भरत ताल र नारायणी नदीमा पनि मोटरबोटकै कारण पर्यटक बढेका छन् । पछिल्लो समय सुर्खेतको बुलबुले तालमा मोटरबोट सञ्चालनमा आएपछि तालको स्वरुप नै फेरिएको छ । चितवनको देवघाटमा रहेका विभिन्न कुण्ड घुम्न पनि मोटरबोट माध्यम बनेको छ । त्यसबाहेक भरतपुरको शिवघाट, सिन्धुलीको खुर्कोटलगायतमा मोटरबोट चलिरहेको छ । बर्दियाको राजापुरमा बोट चढेर डल्फिन हेर्न पाइन्छ । मोटरबोटका गतिका कारण पानीको छाल निस्कँदा डल्फिन आउने गरेका छन् । यसले सो क्षेत्रको पर्यटकीय गतिविधि बढाएको छ ।
सुर्खेतको वीरेन्द्रनगर नगरपालिकाले बोटेबोरा कम्पनीसँगको सहकार्यमा बुलबुल तालमा मोटरबोट सञ्चालनमा ल्याएपछि तालको स्वरुप मात्रै फेरिएको छैन, आम्दानीको नयाँ स्रोत पनि थपिएको छ । लामो समयदेखि जलकुम्भी र फोहोरले भरिएको तालको अस्तित्व सङ्कटमा परेको अवस्थामा फोहोर सफा गरी बोटेबोरा कम्पनीले मोटरबोट सञ्चालनमा ल्याएको छ । कम्पनीले बुलबुले तालमा मोटरबोट सञ्चालन गरेवापत वीरेन्द्रनगर नगरपालिकालाई वार्षिक १३ लाख रुपैयाँ बुझाउने सम्झौता गरेको छ । वीरेन्द्रनगरपालिका नगर विकास समितिका सदस्य तथा बुलबुले ताल संरक्षण उपसमितिका संयोजक नवराज गुरुङले तालबाट फोहोर निकालेपछि पानीको सतह कम भएको र नगरपालिकाको सहकार्यमा केही माथिपट्टी रहेको दशधाराबाट रातिको समयमा पानी ल्याइएको बताए । मोटरबोट सञ्चालनपछि बुलबुले तालको स्वरुप फेरिएको उनको भनाइ छ ।
तालमा कम्पनीले नेपालकै पहिलो र ठूलो मोटरबोट उत्पादक नेपाल सिप एन्ड बोट बिल्डिङ कम्पनीले निर्माण गरेको ११ सिटे दुई वटा फिस्टेल ब्राण्डका मोटरबोटमार्फत सेवा सुरु गरेको छ । साथै, बोटेबोरा कम्पनीले नेपालगञ्ज उपमहानगरपालिकासँगको समन्वयमा वार्षिक २५ लाख रुपैयाँ बुझाउने गरी वाटरपार्कमा मोटरबोट सञ्चालन गरिरहेको छ । पछिल्लो समय मोटरबोट सञ्चालनमा आकर्षण देखिनुमा बागमती नगरपालिकामा रहेको भरत तालमा मोटरबोट सञ्चालन हुनु पनि हो । सुरुमा माछापालनका लागि बनाइएको पोखरीलाई तालमा परिणत गरिएपछि मोटरबोट सञ्चालन गरिएको थियो । मोटरबोटकै कारण उक्त क्षेत्रको पर्यटकीय गतिविधि मात्रै बढेको छैन, सयौँ जनाले रोजगारी पनि पाएका छन् ।
बागमती नगरपालिकाका उपप्रमुख लिलाकुमारी मोक्तानका अनुसार भरत तालमा मोटरबोट सञ्चालनका कारण धेरैले रोजगारी पाएका छन् भने यसबाट पालिकाको आम्दानी पनि बढेको छ । 'हाल ३० भन्दा मोटरबोट सञ्चालन भइरहेका छन्, ताल आसपासमा विभिन्न होटल, रेष्टुराँ तथा पसल सञ्चालन भइरहेका छन् । सामान्य दिनमा औसतमा दुई हजार र मेलापर्व र बिदाका दिनमा पाँच हजारसम्म पर्यटक आउने गरेका छन्', उनले भने । उनका अनुसार मोटरबोट सञ्चालनबाट नगरपालिकाले २० प्रतिशत शुल्क लिने गरेको छ । त्यसो त स्याङ्जाको मिर्मीदेखि सेतिबेनीसम्मको बाँधमा यातायातका रुपमा स्टिमर भनिने मोटरबोट सञ्चालन लामो समयदेखि भइरहेको छ । नेपाल सीप एण्ड बोट बिल्डिङ कम्पनीका सञ्चालक ढकालले मोटरबोटलाई पर्यटकीय मनोरञ्जनका साथै यातायातको साधनका रुपमा सञ्चालन गर्न सकियो भने निकै ठूलो फाइदा लिन सकिने धारणा राख्छन् । 'अहिले नदी र जलाशयमा मोटरबोट बढी सञ्चालन भइरहेका छन् । मनोरञ्जनका हिसाबले राम्रो पनि हो तर यसको बढी उपयोग ढुवानी वा यातायातका रुपमा गर्न सकिन्छ', उनले भने । उनका अनुसार भारतको कलकत्तादेखि चितवनको दासढुङ्गासम्मको रुटमा १० टनसम्मको जहाज सजिलै ल्याउन सकिन्छ । यसो गर्न सकिएमा भने ढुवानी खर्च निकै कम हुन्छ । उनका अनुसार हिजोका दिनमा नेपालमा जलपर्यटनसम्बन्धी गतिविधिमा ¥याफ्टिङ मात्रै रहेकामा अहिले मोटरबोट थपिएपछि पर्यटकीय गतिविधि बढेको छ । आगामी दिनमा यसैका आधारमा विभिन्न पर्यटकीय गतिविधि पनि सञ्चालन गर्न सकिने उनको भनाइ छ । 'हिजोका दिनमा विदेशमा गएर गरिने 'वाटर स्पोर्टस्'का गतिविधिहरु आगामी दिनमा नेपालमै पनि गर्न सकिन्छ', उनले भने, 'यसका लागि कैयन सम्भावना छन् ।' जलाशयमा डुङ्गा चलाउँदा सामान्य अनुभव मात्रै प्राप्त हुने र मोटरबोटको प्रयोग तथा अन्य गतिविधि गर्दा वास्तवमै साहसिक जलपर्यटन हुने उनको भनाइ छ । 'मोटरबोटमार्फत गरिने गतिविधिमा हावा, पानी र गतिको सम्मिश्रण हुन्छ । यसले खेललाई साहसिक बनाउँछ ।' उनी हामीकहाँ भएका जलाशयहरु विद्युत् उत्पादनमा मात्रै प्रयोग भइरहेको भन्दै त्यही जलाशयमा मोटरबोट सञ्चालन गरी थप आर्थिक गतिविधि बढाउन सकिने धारणा राख्छन् । 'विदेशमा पाँच हजार रुपैयाँमा गर्ने गतिविधि आजका दिनमा एक प्लेट मःम मा हुने खर्चमै हामीले उपलब्ध गराइरहेका छौँ', उनले भने, 'रन अफ रिभरमा औसतमा दुई सय ५० देखि तीन सय ५० रुपैयाँ सम्ममा अनुभव लिन सकिन्छ ।'



**नेपालमै बन्छ बोट**

नवलपरासीको गैँडाकोटमा रहेको नेपाल सीप एन्ड बोट बिल्डिङ कम्पनीले पछिल्लो एक दशकयता बोट निर्माण गर्दै आएको छ । 'हामीले नेपालका नदीहरुको बहाव, पानीको गहिराइ, खोलाको गतिको अध्ययन गरिसकेका छौँ, सोहीअनुसार बोट उत्पादन गर्छौं', कम्पनीका अध्यक्ष ढकालले भने ।
उनका अनुसार कम्पनीले जापानको सुजुकी मरिन कम्पनीले उत्पादन गर्ने इन्जिन र प्रविधि प्रयोग तथा मेकानिकल स्टेरिङ प्रणालीका लागि अमेरिकाको मल्टिफेलेसको प्रणाली प्रयोग गरी बोट उत्पादन गर्दै आएको छ । उनका अनुसार एउटा बोट उत्पादनका लागि सामान्यतयाः औसतमा २० लाख रुपैयाँ पर्छ । त्यसबाहेक ग्राहकको रुचि र आवश्यकताका आधारमा यसको खर्च थपघट हुनसक्छ । रासस

# ‘सामाजिक विकृति अन्त्यका लागि व्यक्ति जिम्मेवार’



**महेश कठायत**
**वीरगंज ।**
सामाजिक विकृतिको अन्त्यका लागि हरेक व्यक्ति आफैमा जिम्मेवार हुनुपर्नेमा सरोकारवालाहरुले जोड दिएका छन् । सोमबार वीरगंजमा आयोजित ‘समाजका विकृति विसंगति अन्त्य, सम्मुनत समाज निर्माणमा हाम्रो जिम्मेवारी’ विषयक अन्तक्रिया कार्यक्रममा सरोकारवाला निकायहरुले उक्त कुरामा जोड दिएका हुन् । रेडियो नेपाल, टिभी वीरगंज र ग्रिनसिटी सामुदायिक सेवा केन्द्र आर्दशनगरको संयुक्त आयोजना भएको अन्तरक्रिया कार्यक्रममा वक्ताहरुले सभ्य र सम्मुनत समाज निर्माणका लागि हरेक व्यक्ति जिम्मेवार हुनुपर्नेमा जोड दिएका हुन् ।

कार्यक्रममा ठाकुरराम बहुमुखी क्याम्पसकी प्रध्यापक एवं समाजसेवी डा.सुस्मा तिवारीले शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रहरुमा सुधारका लागि नागरिक खबरदारीको पनि उत्तिकै भूमिका रहेको बताइन् । हरेक क्षेत्रमा मधेश पछाडि पर्नुको कारण स्वमय नागरिकहरु नै दोषी रहेको उनको भनाइ थियो । मानव विकास सुचाङ्कमा मधेशलाई अगाडि ल्याउन सबैभन्दा बढी शिक्षा क्षेत्रमा सुधारको खाँचो रहेको उनले बताइन् । त्यस्तै, नेकपा एमाले पर्साका सचिव महेश दासले नीति नियम र कानून पहिलेभन्दा राम्रो भए पनि कार्यान्वयनको पाटो कमजोरी रहेको बताए । सामाजिक विकृति अन्त्यका लागि हरेक राजनीतिक दलहरु एकजुट हुनुपर्ने भन्दै उनले त्यसमा अन्य संघ संस्थाहरुको पनि सहयोग आवश्यक रहेको बताए ।

त्यसैगरी, वीरगंज महानगरपालिकाको सुशासन एवं भौतिक पूर्वाधार समितिको संयोजक प्रदीप चौरसियाले विगतका कमजोरीलाई सच्याएर वीरगंजलाई वैभव वीरगंज बनाउन महानगरपालिकाले सबैसँग हातेमालो गर्दै अघि बढिरहेको बताए । पहिलेको तुलनामा वीरगंज अहिले धेरै परिर्वतन भएको कुरा सबैले स्वीकार गरेको उनको भनाइ थियो ।

कार्यक्रममा वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष अनिल अग्रवाले राज्यले निजी क्षेत्रको आत्मबल बढाउने गरी काम गर्नुपर्ने बताए । उद्योगधन्दा राम्रोसँग सञ्चालन हुन नसक्दा कर्मचारी कटौतिको समस्या देखा पर्ने र त्यसले बेरोजगारी सिर्जना गरी समाजमा अन्य अपराधको समेत चुनौती थपिने विषयमा राज्यले समयमै सोच्नुपर्ने उनले बताए । साथै उनले यस पटकको बजेटमा उद्योगीहरुको माग सम्बोधन हुने विश्वास व्यक्त गरे ।

त्यसैगरी, जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक कुमार विक्रम थापाले समाजमा शान्ति सुव्यवस्था कायम गर्नका लागि प्रहरीले समुदायस्तरमा विभिन्न कार्यक्रमहरु गर्दै आएको जानकारी दिए । पर्सा जिल्लामा वार्षिक करिब पाँच हजार उजुरी पर्ने गरेको र दुई हजार भन्दा बढी मुद्दा दर्ता हुने गरेको उल्लेख गर्दै समाजमा आपराधिक गतिविधि हुन नदिन सबैको भूमिका उत्तिकै महत्वपूर्ण हुने बताए । सामाजिक अभियान्ता प्रकाश थारुले सामाजिक विकृति अन्त्यका लागि स्वपरिर्वतन आवश्यक रहेको बताए । आफू परिर्वतन भए मात्रै समाजलाई परिर्वतन गर्न सकिने कुरामा उनले जोड दिए ।

हरि खेतान बहुमुखी क्याम्पसका प्रमुख किशोरीराय यादवले समाजका अन्य क्षेत्रमा जस्तै शिक्षा क्षेत्रमा पनि विसंगति देखा पर्न गएकोमा चिन्ता व्यक्त गरे । केही समय अघि वीरगंजकै एक क्याम्पसमा कक्षा १२ का विद्यार्थीले चिट चोर्न नदिएको विषयमा भएको विवादको प्रसंगलाई उल्लेख गर्दै उनले यस्ता घटनाहरु हुने दुःखद भएको बताए । साथै उनले सामाजिक विकृतिको अन्त्यका लागि अन्य सामाजिक संघसंस्थाहरुसँग हरि खेतान क्याम्पसले पनि हातेमालो गर्ने प्रतिबद्धता व्यक्त गरे । त्यस्तै, वीरगंज युवा समाजका संस्थापक अध्यक्ष कमल चौलागाईले युवा विदेशिनु देशको मूल समस्या भएकोले युवालाई स्वदेशमै केही गर्ने वातावण बनाउन सबैको ध्यान जान जरुरी रहेको बताए ।

कार्यक्रममा जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी निरीक्षक भाष्कर खतिवडाले नागरिकहरुमा ट्राफिक नियम पालना सम्बन्धी ज्ञान भएर पनि पालना नगरेकोमा चिन्ता व्यक्त गरे । सडक सुरक्षाको विषय सबैको सरोकारको विषय भएकोले ट्राफिक समस्याका बारेमा प्रहरीले दोषी देख्नु गलत भएको बताए । पछिल्लो समय पर्सामा ट्राफिक नियम उल्लघंन गर्ने करिब २१ हजार सवारी साधान कारबाहीमा परेको र साढे दुई करोड रुपैयाँ राजस्व संकलन भएको खतिवडाले जानकारी दिए । कार्यक्रममा वीरगंज सामुदायिक आँखा अस्पतालका सञ्चालक डा.महेशसिंह धामीले समाजका विकृति र विसंगतिलाई हटाउन सबैले आआफ्नो क्षेत्रबाट भूमिका खेल्नुपर्ने बताए ।

कार्यक्रममा ग्रिनसिटी सामुदायिक सेवा केन्द्रका अध्यक्ष जय प्रकाश खेतानले समाजमा देखा परेका हरेक समस्या समाधानका लागि सरोकारवाला व्यक्ति बढी जिम्मेवार हुनुपर्ने बताए । अरुलाई दोष देखाएर समाज सुधार हुन नसक्ने भन्दै उनले व्यक्ति आफैबाट सुधारको पहल थाल्नुपर्नेमा उनले जोड दिए । नेपाल पत्रकार महासंघ पर्साका अध्यक्ष अनुप तिवारीले समाजका हरेक क्षेत्रमा अहिले विकृति देखा परेको बताए । स्वास्थ्य, शिक्षा, राजनीति, पत्रकारितालगायतका क्षेत्रमा देखिएका विकृति अन्त्यका लागि व्यक्ति आफै इमान्दार हुनुपर्ने उनले बताए । अन्तरक्रिया कार्यक्रमको सञ्चालन वरिष्ठ पत्रकार ध्रुब अधिकारी अधिकारीले गरेका थिए ।

# उत्खनन् र अनुसन्धानको पर्खाइमा दुई हजार छ सय वर्ष पुरानो मन्दिर



**मधेशदृष्टि**
**सर्लाही ।**
धार्मिक पर्यटनको प्रसस्त सम्भावना बोकेको सर्लाहीको बरहथवा नगरपालिकास्थित मुक्तेश्वर महादेव मन्दिर उत्खनन् र अनुसन्धानको पर्खाइमा रहेको छ । बरहथवा नगरपालिका–९, मूर्तियामा रहेको ऐतिहासिक मुक्तेश्वर मन्दिर प्रचारप्रसार अभावमा गुमनाम बनेको हो । दुई हजार छ सय वर्ष पुरानो इतिहास बोकेको मन्दिर बजेट अभावले संरक्षणमासमेत चुनौती थपिएको छ । बजेट अभावमा पुनःनिर्माण हुन नसक्दा मन्दिर अलपत्र बनेको हो । मन्दिर परिसरमा रहेका ऐतिहासिक संरचनासमेत जीर्ण अवस्थामा पुगेका वडाध्यक्ष तुलसीप्रसाद लुइँटेलले जानकारी दिए । पूर्व–पश्चिम राजमार्गबाट १० किलोमिटरको दुरीमा रहेको यस मन्दिर निकै पुरानो रहेको स्थानीयले बताउने गरेका छन् । यस मन्दिरमा दैवीशक्ति रहेको स्थानीय बिमला कार्कीको भनाइ छ ।

विशेष गरेर यस मन्दिरमा साउनको सोमबार र शिवरात्रिमा भक्तजनको बाक्लो घुइँचो लाग्ने गरेको छ । उक्त समयमा मन्दिर दर्शनका लागि नेपाल तथा भारतका विभिन्न स्थानबाट भक्तजन आइपुग्ने गरेका छन् । ऐतिहासिक मुक्तेश्वर मन्दिर लगभग दुई हजार छ सय वर्ष पुरानो भएको वडाध्यक्ष लुइँटेलले बताए । विभिन्न दस्तावेजमा उल्लेख भएअनुसार दुई हजार छ सय वर्ष पहिला भक्तपुरको तलेजु भवानी मन्दिरसँगै गयासुद्धिन भन्ने भारतका शासकले यस मन्दिर पनि भत्काइदिएका थिए । तलेजु भगवतीको मन्दिर भत्काएर फर्कने क्रममा बाटोमा रहेको यस मन्दिरसमेत ध्वस्त बनाइदिएको स्थानीय जानकारको भनाइ छ । बरहथवा नगरपालिका–९ का स्थानीय ८२ वर्षीय चन्द्रनिधि तिवारीले तत्कालीन अवस्थामा यस क्षेत्र चीन र भारत वर्षको व्यापारिक केन्द्र सुवर्णग्राम सहरको रुपमा रहेको कौटिल्य अर्थशास्त्रमा उल्लेख रहेको दाबी गरे ।

गयासुद्धिनले मन्दिर र सहरमा आक्रमण गरेपछि यस क्षेत्र जङ्गलमा परिणत भएको उनको भनाइ छ । यस मन्दिर आसपासमा अझै पनि बुद्धकालीन इँटा फेला पर्ने गरेको स्थानीयको भनाइ छ । मन्दिर परिसरमा रहेका संरचनामध्ये मूल मन्दिरको पुरातत्व विभागले पुनः निर्माण गरेको थियो । सोही क्रममा मन्दिरमा प्रयोग भएको कलात्मक ढुङ्गामा दुई हजार छ सय वर्ष पुरानो बोलीचालीको भाषाको ब्रह्म लिपि फेला परेको हो । पुरातत्व विभागका योजना शाखा प्रमुख रामबहादुर कुँवरको नेतृत्वमा भएको उत्खनन् तथा पुनःनिर्माणका क्रममा ढुङ्गाको ब्लकमा ब्रह्म लिपि अर्थात् पाली भाषामा कुँदिएको सामग्री फेला परेको थियो । ‘मन्दिर बनाउन प्रयोग गरेको ढुङ्गामा पाली भाषामा लेखिएको भेटियो ।’ वडाध्यक्ष लुइँटेलले भने, ‘काम गर्ने मन्दिर बनाउने कर्मीले पक्कै त्यतिबेलाको बोलिचालीको भाषा नै ढुङ्गामा कुँदेको हुनुपर्छ । यसले पनि यो मन्दिर ऐतिहासिक हो, भन्ने पुष्टि गरेको छ ।’ यस क्षेत्रमा चार फिट गहिरो खन्ने वित्तिकै आठ÷आठ, ११÷११, १२÷१२ साईजका बुद्धकालीन इँटाले लेआउट गरेको फेला पर्ने गरेको स्थानीय रामकुमार नेपालले बताए । यसरी ध्वस्त बनाइएको यस ऐतिहासिक मन्दिरको तीन किलोमिटर दक्षिणमा लौकठ, हीरापुर लगायतको गाउँ रहेको थियो । उक्त गाउँमा बागमती, सोती लगायतका स्थानीय खोलाको बाढी पसेपछि २०११ सालमा स्थानीय यस मन्दिर नजिकै बसाइ सरेका थिए ।

गाउँ बढ्दै जाँदा यस मन्दिरको संरचना फेला परेको स्थानीय ७४ वर्षका कृष्ण कडरियाले जानकारी दिए । त्यसपछि मन्दिरमा भक्तजनको आवतजावत सुरुभएको थियो । विसं २०२२ मा स्थानीयको पहलमा मन्दिर क्षेत्र सरसफाइ तथा यत्रतत्र रहेका मन्दिरका मूर्ति, गजुर लगायतका सामान जम्मा गरेर मन्दिर स्थापना गरिएको कडरियाले बताए । मन्दिरको तीन सय मिटरदेखि, तीन किलोमिटरको दुरीमा समकालीन चक्रेश्वर महादेव मन्दिर, गणेश मन्दिर, कटकुइया (काठको पानी खाने डुँड), पोखरी, गुलरिया ताल, किसनपुर पोखरी, ब्रह्मनाल गुफा लगायतका संरचना अहिले पनि छन् । यी संरचना संरक्षणको अभावमा नष्ट हुने अवस्थामा पुगेको वडाध्यक्ष लुइँटेलले बताए । मन्दिर परिसरमा रहेको १० फिट गहिरो ४२ फिट लामो सुरुङसमेत संरक्षण हुन नसक्दा भत्किने अवस्थामा पुगेको छ ।

### बजेट अभावले उत्खनन् र पुनःनिर्माण अलपत्र

बजेट अभावमा यस मन्दिर क्षेत्रको उत्खनन् र पुनःनिर्माण पूरा हुन नसकेको बरहथवा नगरपालिकाले जनाएको छ । ठूलो धनराशि लाग्ने भएपछि मन्दिर क्षेत्रको पहिलो चरणको पुनःनिर्माण गरेर अरु त्यसै छाडिएको छ । स्थानीय तहको पहलमा २०७२÷७३ देखि मन्दिरको मुख्य संरचनाको पुनः निर्माण सुरु भएको थियो । दुई पटक गरेर पुरातत्व विभागले पहिलो पटक एक करोड र दोस्रो पटक पाँच करोड ३२ लाख रुपैयाँ लगानीमा मूल मन्दिरको पुनःनिर्माण गरेको हो । विभागले सात वर्ष लगाएर मन्दिरको पुनःनिर्माण तथा उत्खनन् गरेको थियो । पहिलो चरणमा भाष्करराज र दोस्रो चरणमा विभागका योजना शाखा प्रमुख कुँवरको नेतृत्वमा मन्दिरस्थलमा उत्खनन् र पुनःनिर्माण भएको हो । बजेट अभाव भएपछि अन्य संरचना यसै छोडेर टोली फर्किएको थियो । यस क्षेत्रको अन्य संरचनासमेत निकै ऐतिहासिक रहेकोले उत्खनन् र पुनःनिर्माण आवश्यक रहेको योजना प्रमुख कुँवरले बताउनुभएको वडाध्यक्ष लुइँटेलको भनाइ छ ।

विभागले गरेको अनुसन्धानबाट लुम्बिनीको मायादेवी मन्दिरमा फेला परेकै भाषा र जमिनमुनिको इँटा यस मुक्तेश्वर मन्दिर परिसरमा पनि फेला परेको हो । यस अर्थमा पनि यो मन्दिरको संरचना पनि समकालीन रहेको दाबी गरिएको छ । यस मन्दिरको संरचना पुनःनिर्माण तथा यस क्षेत्रको उत्खनन्का लागि पुरातत्व विभाग बाहेक कतैबाट बजेटको व्यवस्था नभएको नगरपालिकाकी प्रमुख कल्पना कुमारी कटुवालले बताइन् । बजेट नभएकै कारण धार्मिक पर्यटनको ठूलो सम्भावना बोकेको यस मन्दिरको प्रचारप्रसार तथा संरक्षण र पुनःनिर्माणका बाँकी काम अलपत्र परेको उनको भनाई छ ।

# मधेशी स्वास्थ्यकर्मी फोरमको अध्यक्षमा यादव



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेशी स्वास्थ्यकर्मी फोरम नेपालको अध्यक्षमा कृष्णलाल यादव चयन भएका छन् । जनकपुरधाममा सम्पन्न मधेशी स्वास्थ्यकर्मी फोरमको चौथो राष्ट्रिय महाधिवेशनबाट कृष्णलाल यादव निर्विरोध चयन भएका हुन् । उनको अध्यक्षतामा १९ सदस्यीय पदाधिकारीसहित ३७ सदस्यीय नयाँ कार्य समिति चयन गरिएको छ । नयाँ कार्य समितिको एक जना वरिष्ठ उपाध्यक्षमा सचिदानन्द जयसवाल, ९ जना उपाध्यक्षहरुमा राम छविला यादव, शिव शंकर यादव, विरेन्द्र राय, दिनबन्धु यादव, राजेश कुमार रौनियार, देवरिता चौधरीलगायत रहेका छन् । समितिको महासचिवमा लक्ष्मण साह, कोषध्यक्षमा लक्ष्मण यादव रहेका छन् । समितिमा ४ जना सचिव, २ जना सहकोषाध्यक्ष रहेका छन् ।

# सुत्केरीको मृत्युपछि अस्पताल तोडफोड



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सुत्केरीको मृत्यु भएपछि धनुषाको रमदैयास्थित जानकी मेडिकल कलेज शिक्षण अस्पताल तोडफोड भएको छ । मृतकका आफन्तले चिकित्सकको लापरवाहीका कारण मृत्यु भएको भन्दै आक्रोशमा तोडफोड गरेका हुन् । लक्ष्मीनिया गाउँपालिका–५ बनिनियाका अमर यादवकी २८ वर्षीया पत्नी अनिताको सोमबार बिहान ९ बजे मृत्यु भएको हो । सुत्केरी भएको १० घण्टा नबित्दै उनको मृत्यु भएपछि उपचारमा संलग्न चिकित्सकले हेलचेक्र्याइँ गरेको आफन्तको आरोप छ । उनीहरुले चिकित्सकको लापरबाहीका कारण सुत्केरीको निधन भएको आरोपसहित अस्पताल तोडफोड गरेका हुन् ।

व्यथा लागेपछि शनिशार मध्यराति अनितालाई अस्पताल लगिएको थियो । आइतबार करिब ११ बजे शल्यक्रियामार्फत सुत्केरी गराइएको थियो । शिशु भने सकुशल छन् । तर आमाको मृत्यु भएपछि उनका आफन्त आक्रोशित भएर तोडफोडमा उत्रिएका हुन् ।

मृतकका आफन्तले शल्यक्रिया गर्ने चिकित्सकलाई कारबाही र क्षतिपूर्ति माग गरेका छन् । उनीहरू तोडफोडमा उत्रिएपछि केहीबेर अवस्था तनावग्रस्त बनेको थियो । घटनापछि अस्पतालमा प्रहरी र जनप्रतिनिधि पुगेर छलफल शुरु भएपछि अवस्था सामान्य बनेको हो ।


मोबाइलबाटै मधेशदृष्टि पढ्नका लागि स्क्यान गर्नुहोस्

# कपिलवस्तुमा राष्ट्रिय एकता अभियानको सम्मेलन सम्पन्न




**मधेशदृष्टि**
**वीरगंज ।**
कपिलवस्तुको तौलिहवामा राष्ट्रिय एकता अभियानको महत्वपूर्ण जिल्ला सम्मेलन सम्पन्न भएको छ । सम्मेलन संघीय हिन्दू गणतन्त्रको स्थापना, चिनियाँ विस्तारवाद र धार्मिक अतिवादविरुद्ध चेतना जगाउने उदेश्यले आयोजना गरिएको अभियानले जनाएको छ । नेपालमा हिन्दू गणतन्त्र स्थापना गर्न अभियानले सशक्त आन्दोलन गरिरहेको छ । सम्मेलनमा हिन्दू धर्मको महत्व र नेपालको राष्ट्रिय पहिचानमा यसको भूमिकाबारे प्रकाश पारिएको थियो । त्यस्तै, अभियानले चीनको बढ्दो क्षेत्रीय अतिक्रमण र धार्मिक कट्टरपन्थीविरुद्ध निरन्तर आवाज उठाइरहेको छ । सम्मेलनमा यस्ता खतराका बारेमा जनचेतना जगाउने र त्यसको सामना गर्ने रणनीति बनाउने विषयमा छलफल भएको अभियानका अध्यक्ष विनय यादवले बताए ।

सम्मेलनको समापनमा अभियानका राष्ट्रिय अध्यक्ष यादवले भने, ‘अभियान नेपालको अखण्डता, संस्कृति र स्वाधीनताको रक्षा गर्न प्रतिबद्ध संस्था हो, हामी समृद्ध र शक्तिशाली हिन्दू राष्ट्र निर्माण गर्न अथक प्रयास गरिरहेका छौँ, र हामी गर्नेछौँ ।

कुनै पनि विदेशी शक्तिलाई हाम्रो देशलाई कमजोर बनाउन दिँदैनौँ ।’ सम्मेलन गृजेश चौधरीको अध्यक्षतामा भएको थियो भने विशिष्ट अतिथिमा प्रदेश सभा सदस्य मधुसूदन शरण चौधरी (कुर्मी) रहेका थिए । कार्यक्रममा कैलाश अग्रहरी, हिन्दू स्वेमसेवक संघका जिल्ला सह संघचालक दिनेश चौधरी, विश्व हिन्दू परिषद्का जिल्ला अध्यक्ष अशोक पाण्डेय, अन्तराष्ट्रिय हिन्दू परिषदका जिल्ला अध्यक्ष बीरेन्द्र चौधरी लगायतको उपस्थिति थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन